# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क २० पूर्णाङ्क २५८ | २०७८ कात्तिक २२ गते सोमबार | Monday, 8 Nov., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## देजमो अध्यक्ष सीपी गजुरेल अस्पतालबाट डिस्चार्ज



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल अस्पतालबाट डिस्चार्ज हुनुभएको छ । अचानक स्वास्थ्यमा समस्या *बाँकी ७ पेजमा*

# ‘एमसीसीलाई पठाएको पत्र तत्काल सार्वजनिक गर’

काठमाडौं । स्कटल्याण्डको ग्लास्गोमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी कोप-२६ सम्मेलनमा सहभागी भएर स्वदेश फर्किएका प्रधानमन्त्री देउवाले एअरपोर्टमै खुलासा गरे- ‘प्रचण्ड र आफूले एमसीसी पास गर्छौं भनेर पत्र पठाइसकेका छौं ।’ प्रधानमन्त्री देउवाले यस्तो खुलासा गरेपछि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल प्रचण्डको चौतर्फी रूपमा विरोध भयो । उनी स्पष्टीकरण दिन बाध्य भए । उनले गोलमटोल भाषा प्रयोग गर्दै घुमाउरो पाराले एमसीसीको मुख्यालयलाई गोप्य पत्र पठाएको पुष्टि गरे । उनले एमसीसी पास गर्छौं भनेर पत्र पठाएको नभएर राष्ट्रिय सहमति कायम गरेर मात्र एमसीसी पास गरिने व्यहोराको पत्र पठाएको दाबी गरे । तर देउवा र प्रचण्डको परस्पर विरोधी भनाइ बाहिरिएपछि अहिले देशव्यापी रूपमा सत्यतथ्य के हो भनी एमसीसीलाई पठाएको भनिएको उक्त गोप्य पत्र तत्काल सार्वजनिक गर्न दबाब बढेको छ ।




नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसीलाई पठाएको भनिएको गोप्य पत्र तत्काल सार्वजनिक गर्न जोडदार रूपमा माग गरेका छन् । नेता गजुरेलले वर्गदृष्टि साप्ताहिक र मूलबाटो डटकमसँग कुराकानी गर्दै एमसीसीलाई पठाएको गोप्य पत्र सार्वजनिक गर्न माग गरेका हुन् । अध्यक्ष गजुरेलले भने- ‘राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतासँग जोडिएको यस्तो संवेदनशील विषयका बारेमा जान्न पाउने नेपाली जनताको नैसर्गिक अधिकार हो । यसबारेमा देउवा र प्रचण्डले एमसीसीलाई पठाएको भनिएको गोप्य पत्र तत्काल सार्वजनिक गर्नुपर्छ ।’

देशभक्त, वामपन्थी र क्रान्तिकारी शक्तिहरूले सडकमा निरन्तर रूपमा जारी राखेको संघर्ष र सत्तारुढ पार्टीभित्रै पनि विरोधका कारण पटक पटक प्रयास गर्दा पनि अहिलेसम्म एमसीसी सम्झौता सदनबाट पारित हुन नसकेको विश्लेषण गर्दै अध्यक्ष गजुरेलले एमसीसीलाई पठाएको गोप्य पत्रको विषयमा एमसीसी जस्तो राष्ट्रघाती सम्झौता जनतालाई झुक्याएर पास गर्न खोजिएको षड्यन्त्र भएको बताए ।

एमसीसी पास गर्ने सत्तारुढ पार्टीहरूको षड्यन्त्रका विरुद्ध देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरू फेरि पनि सडकमा उत्रनुपर्ने स्थिति बनेको ठहर गर्दै उनले सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिले पछिल्ला विकसित घटनाक्रमहरूलाई नजिकबाट नियालिरहेको पनि बताए ।

नेकपा एमालेका उपाध्यक्ष भीम रावलले पनि प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसीलाई पठाएको गोप्य पत्र सार्वजनिक गर्न माग गरेका छन् ।

एमसीसीको खरो विरोध गर्दै आइरहेका नेता रावलले सामाजिक सञ्जालमार्फत एमसीसी पास गर्ने भनि पत्र पठाइनु राष्ट्रघात भएको भनेका छन् ।

काँग्रेस सभापति शेरबहादुर देउवासँग मिलेर माओवादी अध्यक्ष प्रचण्डले एमसीसीलाई लेखेको पत्रबारे माओवादीका सिनियर नेताहरू नै आश्चर्यमा परेका छन् । प्रधानमन्त्री देउवाले बोल्नुअघि पार्टीलाई सो पत्रबारे थाहै नभएको माओवादीका एक नेताले बताए ।

‘हामीलाई त थाहै थिएन, प्रधानमन्त्रीले पत्रकार सम्मेलनमा भनेपछि पो थाहा भयो, पार्टीका तर्फबाट *बाँकी ७ पेजमा*

## पर्यावरणीय संरक्षणका लागि वन विनाश रोक्न सयभन्दा बढी देशको जोड



एजेन्सी । जलवायु सम्मेलन कोप-२६ मा सहभागी विश्वका सयभन्दा बढी देशका नेताहरूले पर्यावरणीय संरक्षणका लागि वन विनास रोक्नुपर्नेमा जोड दिएका छन् । उनीहरू सन् २०३० भित्र वन विनास रोकी वनलाई परानै अवस्थामा फर्काउन सहमत भएका छन् । स्कटल्यान्डको ग्लास्गोमा आयोजित कोप-२६ मा यसबारे महत्त्वपूर्ण सहमति भएको हो ।

पछिल्लो समय ब्राजिलको एमेजन वर्षावन विनाश हुँदै गएको छ । ब्राजिलले पनि सहमतिको पक्षमा हस्ताक्षर गरेको जनाइएको छ। उक्त वाचा कार्यान्वयनमा ल्याउन खर्च हुने १९.२ अर्ब डलर सार्वजनिक तथा निजी कोषबाट समाविष्ट हुनेछ ।

जलवायु क्षेत्रका विज्ञहरूले पछिल्लो कदमको स्वागत गर्दै सन् २०१४ मा वन विनाश रोक्न गरिएको एउटा सहमति प्रभावकारी नभएको औंल्याएका छन् । त्यसैले वचनबद्धता सार्वजनिक गरिनुभन्दा पूरा हुनुपर्ने उनीहरूको जोड छ रूख काटेपछि पृथ्वीलाई तताउने कार्बनडाइअक्साइड ग्यास सोस्ने वनजंगल मासिने भएकाले जलवायु परिवर्तन हुन्छ ।

क्यानडा, ब्राजिल, रुस, इन्डोनेसिया र कंगोले पनि सहमतिमा हस्ताक्षर गर्नेछन् । ती देशमा विश्वभरको ८५ प्रतिशत वन क्षेत्र पर्छ । १९.२ अर्ब डलरमध्ये केही रकम वन क्षेत्र पुरानो अवस्थामा फर्काउन, *बाँकी ७ पेजमा*

# एमसीसी अनुमोदन गराउन अमेरिकी दबाब देउवालाई भेटिन एमसीसीकी डेपुटी सीईओले

काठमाडौं । आफ्नो साम्राज्यवादी मिसनसँग जोडिएको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) परियोजना नेपालको संसदबाट अनुमोदन गराउन अमेरिकाले नेपाललाई निरन्तर दबाब दिँदै आएको छ । पछिल्लो पटक बेलायत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवालाई अमेरिकी सहयोग परियोजना (एमसीसी) की नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सीईओ) एलेक्सिया लतोर्तुले भेटेर एमसीसी सम्झौता छिटो अनुमोदन गर्न दबाब दिएकी छिन् ।






प्रधानमन्त्री देउवासँग एमसीसीका डेपुटी सीईओ लतोर्तुले शिष्टाचार भेट गरेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ।

बैठकमा सहभागी एक अधिकारीका अनुसार प्रधानमन्त्री देउवाले एमसीसी सम्झौता अनुमोदनबारे नेपालका राजनीतिक दलबीच चाँडै सहमति जुट्ने विश्वास व्यक्त गरेका थिए ।

वासिङ्टनस्थित एमसीसी मुख्यालयले गत बिहीबार विज्ञप्ति निकालेर नेपालको संसदमा विचाराधीन एमसीसी सम्झौता अनुमोदन नभए ५० करोड अमेरिकी डलरको अनुदान सहायता नेपालले गुमाउनसक्ने चेतावनी दिएको थियो ।

एमसीसी सम्झौताको भविष्यबारे के गर्ने भन्ने कुरा अब नेपालको हातमा रहेको भन्दै उक्त सम्झौतामा कुनै संशोधन हुन नसक्ने मुख्यालयले बताएको थियो ।

# अमेरिकी सेनासँग नेपाली सेनाको ‘संयुक्त तालिम अभ्यास एक्स नेक नेल-२२’




काठमाडौं । भारतीय सेना र नेपाली सेनाको संयुक्त तालिम सुरु भएको एक महिनापछि अमेरिकी सेनासँग पनि नेपाली सेनाले संयुक्त तालिम थालेको छ ।

नेपाली सेनाले सोमबारदेखि अमेरिकी सेनासँग ‘संयुक्त तालिम अभ्यास एक्स नेक नेल-२२’ को थालनी गरेको हो । यसअघि भारतको पिथौरागढमा असोज ४ देखि १७ गतेसम्म भारतको उत्तराखण्डस्थित पिथौरागढमा नेपाल-भारत १५ औं ‘सूर्यकिरण’ नेपाल-भारत संयुक्त सैनिक अभ्यास सम्पन्न भएको थियो ।

नेपाली सेनाका अनुसार नेपाली सेनासँगको संयुक्त अभ्यास छाउनीस्थित रेन्जर गणमा सोमबार सुरु भएको हो । उक्त कार्यक्रममा विशेष फौज बाहिनीका बाहिनीपति सहायक रथी ध्रुवप्रकाश शाह र अमेरिकी राजदूतावासको ‘प्यासिफिक अगमेन्टेसन टिम तथा अफिस *बाँकी ७ पेजमा*

# नेवा: राष्ट्रिय मुक्ति मोर्चा, नेपा:का अध्यक्ष पवनमान श्रेष्ठद्वारा नेपाल सम्बत् ११४२ को उपलक्ष्यमा सम्पूर्ण नेपाली जनतामा सुस्वास्थ्य र प्रगतिको हार्दिक शुभकामना व्यक्त

काठमाडौं । कात्तिक १८९ गतेबाट नेपाल सम्बत् ११४२ नयाँ वर्षको शुभारम्भ भएको दिन । नेपालको राष्ट्रिय सम्बत् नेपाल सम्बत् ११४२ नयाँ वर्षको शुभ उपलक्ष्यमा नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःका अध्यक्ष पवनमान श्रेष्ठव्दारा नयाँ वर्षको शुभकामना सहीत निम्न शुभकामना वक्तव्य प्रकाति गर्नु भएको छ :

***विषय : नयाँ वर्षको शुभकामना***

नेपालको राष्ट्रिय सम्बत् नेपाल सम्बत् ११४२ नयाँ वर्षको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली जनतामा सुस्वास्थ्य र प्रगतिको कामनासहित नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः हार्दिक शुभकामना ब्यक्त गर्दछ ।

नेपाल सम्बत्लाई ११२८ कौलागाः एकादशी (१५ अक्टोबर, २००८)मा नेपाल सरकारले राष्ट्रिय सम्बत् घोषणा गरेतापनि यसलाई राष्ट्रिय सम्बत्को रूपमा सरकारले कहिल्यै पनि व्यवहार गरेन र यसलाई कागजमा मात्र सिमित राख्ने काम भएको छ। राज्यले नै यसलाई नेवार सम्बत्को रूपमा दुर्व्यवहार गर्दै जनतामा पनि त्यही भ्रम छर्ने काम हुँदै आएको छ ।

देशको एक सर्वसाधारण नागरिक शंखधर साख्वाःले जनताको ऋणमोचण गरी देशको नामबाट शुरु गरिएको नेपाल सम्बत् विश्वकै अनुपम नमूनाको रूपमा रहेको छ। यस नयाँ वर्ष चाडको रूपमा मात्र होइन, यस सम्बत्मा देशको राष्ट्रियता छछल्किन्छ, मानवीयता र मानव सेवाले भरिपूर्ण अथवा अहिलेको भाषामा भन्दा मानव मुक्तिसँग पनि जोडिएको छ । यस्तो गौरवशाली सम्बत्लाई पृथ्वीनारायण शाहदेखि अहिलेका शासकसम्मले निरन्तर दुर्व्यवहार गर्दै आएको छ ।

ब्रम्हाणवादी शासकहरूका यस्तै सोच र व्यवहारका परिणाम आज देशको राष्ट्रियता, जनतन्त्र र जनजीविका गंभीर संकटमा परेको छ । शासकहरूको नालायकीपन तथा असफलता र संसदीय व्यवस्था तथा संसदीय पार्टीका नेताहरूको असफलताले देश र जनता गंभीर संकटमा रहेका छन् । यसको पूर्ण निकासका लागि संघीय जनगणतन्त्रको विकल्प छैन । नेपाल सम्बत्ले पनि देश र जनताप्रति जिम्मेवार रहन सँधै झक्झकाइ रहन्छ । यस सम्बत्लाई सबै नेपालीले मनमस्तिष्कमा राख्न आवश्यक रहेको अवगत गराउँदै पुनः एक पटक सबै नेपालीमा नयाँ वर्षको हार्दिक शुभकामना !


*पवनमान श्रेष्ठ*
*अध्यक्ष*

## सन्दर्भ : १०४औं अक्टुबर क्रान्तिवर्षगाँठ

# लेनिन र अक्टुवर क्रान्ति

***‘लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । खसोखास भन्ने हो भने लेनिनवाद भनेको सामान्यतः सर्वहारा क्रान्तिको सिध्दान्त तथा कार्यनीति र विशेषतः सर्वहारा वर्गको अधिनायकतन्त्रको सिध्दान्त तथा कार्यनीति हो ।’***

***- जोसेफ स्टालिन, स्टालिनका छानिएका रचनाहरू, पृष्ठ ९१, पैरवी प्रकाशन काठमाडौं, २०६४ ।***



● हस्तबहादुर केसी ●

*पृष्ठभूमि :*

भ्लादीमिर इल्यिच लेनिन (सन १८७० - २९२४) अन्तर्राष्ट्रिय सर्वहारा वर्गका महान् नेता, एक दार्शनिक, सिध्दान्तकार र लेनिनवादका प्रवर्तक समेत हुनुहुन्छ। साथै महान् लेनिन महान् अक्टोबर रुसी समाजवादी क्रान्तिका नेता तथा विश्वमै पहिलो सर्वहारा वर्गको अधिनायकत्व स्थापितकर्ता हुनुहुन्छ। महान् लेनिनको नेतृत्वमा सन १९१७ अक्टोबर २५ ( रुसी नयाँ क्यालेन्डर अनुसार सन १९१७ नोभेम्बर ७ ) दिन महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको थियो ।

महान् अक्टोबर क्रान्ति एक महान् सर्वहारा समाजवादी क्रान्ति थियो । अक्टोबर एक युगान्तकारी परिघटना थियो। त्यस क्रान्तिले नयाँ विश्व क्रान्तिको थालनी गरेको थियो र त्यो मानव जातिको इतिहासमा नयाँ युगको द्योतक थियो। त्यस क्रान्तिले विश्वका विभिन्न देशहरूमा सर्वहारा वर्गको नेतृत्वमा क्रान्तिको प्रक्रिया अगाडि बढाउनका लागि नयाँ अध्यायको ढोका खोलिएको थियो । अक्टोबर क्रान्ति पश्चात् विश्वका विभिन्न देशहरूमा कम्युनिस्ट पार्टीहरू स्थापना हुन गएका थिए ।

त्यस क्रान्ति पश्चात् पूर्वी युरोपका २० आौं देशहरूमा सोभियत मोडेलको समाजवाद लागू गरिएको थियो भने चीन, भियतनाम, कोरिया, कम्बोडिया, क्युवा आदि देशहरूमा क्रान्ति सम्पन्न गरिएको थियो। यसरी त्यस बखत विश्वको जनसंख्याको एक तिहाई जनसंख्या कम्युनिस्ट सरकारको छातामुनी गोलबन्द हुन पुगेका *बाँकी २ पेजमा*

## सम्पादकीय

# नेपालको स्वाधीनतामाथि गम्भीर खेलवाड

संसदवादी राजनीतिक पार्टीका नेताहरू कति अपारदर्शी, स्वेच्छाचारी र गैरजिम्मेवार छन् भन्ने कुरा पछिल्लो पटक प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गरेको खुलासाबाट बुझ्न सकिन्छ। स्कटल्याण्डको ग्लास्गोमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी कोप-२६ सम्मेलनमा सहभागी भएर स्वदेश फर्किएका प्रधानमन्त्री देउवाले एअरपोर्टमा सञ्चारकर्मीसँग खुलासा गरे- 'प्रचण्ड र आफूले एमसीसी पास गर्छौं भनेर पत्र पठाइसकेका छौं ।'

देउवाले गरेको यो खुलासासँगै के कुरा स्पष्ट भएको छ भने देउवा र प्रचण्डले हस्ताक्षरसहित गोप्य रूपमा एमसीसीलाई पठाएको पत्रका बारेमा पार्टीको शीर्ष तहमा पनि छलफल गरेका रहेनछन् । कांग्रेसका शशांक कोइरालादेखि माओवादी केन्द्रका शीर्ष नेतृत्वले नै यसमा आश्चर्य व्यक्त गरिरहेका छन् । र, उनीहरूले समेत गोप्य रूपमा पठाएको भनिएको पत्र तत्काल सार्वजनिक हुनुपर्ने माग गरेका छन् ।

नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता नै जोखिममा पर्ने भन्दै एमसीसी सम्झौता कुनै पनि हालतमा पास गर्न नहुने विशाल मत रहेको छ। नेपालका देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्ति, नागरिक आन्दोलन लगायतले एमसीसी सम्झौतामा नेपालको अहित हुने थुप्रै राष्ट्रघाती प्रावधान रहेको भन्दै खारेज गर्नुपर्ने माग सहित दिनहुँजसो सडकमा आन्दोलन गरिरहेका छन् ।

यस पृष्ठभूमिमा यति संवेदनशील विषयमा सदनबाट अनुमोदन गराउने प्रतिबद्धतासहित देउवा र प्रचण्डले गोप्य रूपमा पत्र पठाउनु घोर आपत्तिजनक कुरा हो । र, यो नेपालको राष्ट्रिय स्वाधीनतामाथिको ठूलो खेलवाड र राष्ट्रघात समेत हो । एमसीसी सम्झौतामा रहेका प्रावधानहरूका बारेमा नेपालको राष्ट्रिय हित र स्वार्थलाई केन्द्रविन्दुमा राखेर राज्य आफैले सार्वजनिक बहस सञ्चालन गनुपर्ने र आम राष्ट्रिय सहमति कायम गरेर मात्र अगाडि बढाउनु पर्नेमा आफ्नै पार्टीको शीर्ष तहमा समेत छलफल नगरी, आफ्नै पार्टीभित्र समेत सहमति कायम नगरी ढाँटछल गरी षड्यन्त्रपूर्वक यसरी गोप्य रूपमा पत्राचार गर्नु भनेको राष्ट्हितका विरुद्ध साम्राज्यवादी मुलुक अमेरिकाको भद्दा दलाली गर्नु हो । यो राष्ट्रका विरुद्ध गरिएको अक्षम्य अपराध समेत हो । जुन क्षमायोग्य हुँदैन र छैन ।

देउवाको खुलासाको खण्डनमा प्रचण्डले जति शब्द खर्चे पनि त्यो पत्याउनयोग्य छैन । एमसीसीलाई पठाएको पत्र सार्वजनिक नगरेसम्म प्रचण्डको भनाइमा विश्वास गर्ने स्थिति छैन । देशको प्रधानमन्त्रीले त्यत्तिकै बोल्ने कुरा हुन्न । उनले बोल्ने हरेक शब्दको सार्वजनिक महत्व हुन्छ। यस मामिलामा देउवाले बोलेको कुरा नै सही हुन सक्ने थुप्रै आधारहरू छन् । अमेरिकाको राजदूतदेखि एमसीसीका पदाधिकारीहरूले छुट्टाछुट्टै भेटेर एमसीसी पास गर्न दबाब दिनु, एमसीसीको उप सिइओदेखि अमेरिकी राष्ट्रपति समेतले चासो राखेर पास गर्न दबाब दिएको पृष्ठभूमिमा एमसीसी जनुकुनै हातमा संसदबाट पास गर्ने हस्ताक्षरसहितको प्रतिबद्धता जनाएको हुन सक्ने देखिन्छ ।

राष्ट्रिय स्वाधीनतासँग जोडिएको यति संवेदनशील विषयमा सत्तारुढ पार्टीका नेताहरूले गरेको खेलाँची, र देखाएको गैरजिम्मेवारीपनिको जति आलोचना गरे पनि कमै हुन्छ। आम देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूले गोप्य रूपमा पठाएको पत्र तत्काल सार्वजनिक गर्न चौतर्फी दबाब बढाउन जरुरी छ। यस विषयमा देउवा र प्रचण्डले आफ्नो दलभित्र मात्रै होइन आम जनताको बीचमा पनि आलोचित हुनुपर्दछ र सार्वजनिक रूपमा माफी माग्न जरुरी छ ।

अमेरिकाको साम्राज्यवादी मिसनसँग अभिन्न रूपमा जोडिएको एमसीसी परियोजनाले नेपाललाई अमेरिकाको उपनिवेशन बनाउने, नेपालको परराष्ट्र नीति तथा सुरक्षा नीति अमेरिका अधिनस्थ हुन पुग्ने, नेपाल अमेरिका र चीनको युद्धको अखडामा परिणत हुने र नेपालको अस्तित्व नै नामेट हुने सम्मका विश्लेषण, तर्क र मतहरूलाई नजरअन्दाज गरी जबर्जस्त एमसीसीलाई सदनबाट पास गर्ने गम्भिर भूल तथा राष्ट्रविरुद्धको अपराध गर्ने छुट कसैलाई छैन । यस विषयमा नेपाल राष्ट्रको माया हुने सबै नेपालीहरूले संसारभरिबाट आवाज बुलन्द गर्न जरुरी छ ।

**परिवर्तनको सम्वाहक**

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# महान अक्टोबर क्रान्ति र लेनिनप्रति उच्च सम्मान



● लोकनारायण सुवेदी ●

बिश्वमा पहिलो पटक मार्क्सवादलाई सही किसिमले प्रयोग गरेर शोषित पीडित जनता - मजदुर किसान बर्गको राज्यसत्ता स्थापना गर्ने क्रान्तिकारी मार्क्सबादी चिन्तक तथा बिश्व समाजलाई आमूलरूपमा अग्रगामी परिवर्तनको मार्गदर्शन गर्नेआधुनिकतम दर्शन मार्क्सवादका सफल प्रयोक्ता महान लेनिन तथा उनको नेतृत्वमा रहेको बोश्लेभिक पार्टीका अमर योगदानहरूको स्मरण गर्ने बिश्वकै एउटा नबयुग निर्माणकारी महान अक्टोबर समाजबादी क्रान्ति सम्पन्न् भएको महत्वपूर्ण दिन हो आज १ एक सय चार बर्ष पुगेको यो दिनले बिश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा अभूतपर्ब र बिशेष महत्व राख्दछ ।

वास्तवमा फ्रान्सेली क्रान्तिपछिको बिश्वको सबैभन्दा दूरगामी महत्वको घटना थियो - महान समाजवादी अक्टोबर क्रान्ति १ जसले बिश्वका अर्बौ अरब शोषित पीडित, पद दलित तथा श्रोतसाधन बिहीन तुल्याइएका आम जनताको आत्म बिश्वास जगाएको थियो । मानबीय मूल्य र गरीमाको पुनरोत्थान गर्ने तथा सभ्य, सुसँस्कृत र सुसम्पन्न मानब समाजको निर्माण गर्ने ठूलो आशा जगाएको थियो र मानब समाज सबै प्रकारका शोषणबाट मुक्त हुन सक्तछ भन्ने ठूलो बिश्वास पलाएको थियो । आज पनि हामीले संयुक्त राष्ट्र संघको बडापत्र र घोषणापत्रलाई हेऱ्यौ, केलायौं र गम्भीरतापूर्वक मनन गऱ्यौ भने तिनमा फ्रान्सेली क्रान्ति र महान अक्टोबर समाजवादी क्रान्तिले अघि सारेका आधारभूत र महत्वपूर्ण कुराहरू अर्थात समानता, न्याय, स्वतन्त्रता, भाइचारा र शान्ति लगायतका महत्वपूर्ण बिषयहरू कै अनुगुञ्जन भएको पाउँदछौ । भलै, सही किसिमले ती कुराहरू ब्यवहारमा उत्रिने स्थिति बिश्वमा अझै पनि बन्न नसकेको यथार्थ आज पनि हाम्रा अगाडि ठिङ्ग उभिएको किन नहोस् १

बिश्वमा पहिलो पटक बैज्ञानिक तथा क्रान्तिकारी मार्क्सवादी सिद्धान्त र ब्यवहारको द्वन्दात्मक सम्वन्धलाई लेनिनलेनै सही किसिमले ब्यवहारमा खरो उतारेका थिए र मार्क्सवादलाई अझ सम्बृद्ध तुल्याएका थिए । त्यसबाट बिश्वका कम्युनिष्ट, बामपन्थी र प्रगतिशील शक्तिहरूले आज पनि सही शिक्षा लिएर सही दिशामा अर्थात बैज्ञानिक समाजवादको दिशामा अघि बढ्न सक्ने पर्याप्त गुञ्जायश छ । तर बिश्व कम्युनिष्ट आन्दोलन र त्यसको एक अंग नेपालको कम्युनिष्ट आन्दोलन पनि जसरी आज उपभोक्ताबाद र औसरबादको दलदलमा अत्यन्तै नराम्रोसँग फँसेको छ त्यसबाट यसलाई बाहिर ननिकालेसम्म अक्टोबर क्रान्ति दिवस मनाउनु र लेनिनको तस्वीर पूजा गर्नुको कुनै अर्थ पनि रहँदैन । बरु, लेनिनलाई पनि बजारको बस्तु सरह बनाउनु मात्रै यो ठहरिन जानेछ । शोषित पीडित बर्गप्रतिको अबिचल निष्ठा र तिनलाई सबै प्रकारका शोषण, अन्याय, थिचोमिचोबाट मुक्त गर्ने सैद्धान्तिका तथा ब्यवहारिक दृढता नै मार्क्सवाद-लेनिनबाद र माओ बिचारधाराको सार बस्तु हो । बर्गीय बिचलनमा परेर यथास्थितिको भासमा भासिएकाहरूले अक्टोबर समाजबादी क्रान्ति र लेनिनको जतिसुकै गुणगान गाए पनि वास्तवमा यो सार कुरालाई तिनले तिलाञ्जली दिदैआएको र भ्रम सिर्जन गर्ने बाहेक अरु केही कुरा होइन र हुदैन भन्ने छर्लङ्ग छ ।

बर्गीय बिचलन तथा बिजातीय तत्वसँगको साँठगाँठलाई ब्यवहारिक तथा बाध्यात्मक स्थिति मानेर जनतामा एक पछि अर्को भ्रम छर्ने जुन काम आज कम्युनिष्टको नामबाट भइरहेको छ त्यस कुरासँग मार्क्सवाद, लेनिनवाद र माओबिचारधारासँग सपनाको साइनो पनि छैन । तर यसले जनतामा भने ठूलै भ्रम पारेको छ। शोषित पीडित जनताको सबैभन्दा चेतनशील, संगठित र अनुशासित अग्रदस्ता हुनुपर्ने कम्युनिष्ट पार्टी केवल मार्क्सवाद, लेनिनवादको साइनबोर्ड राखेर ब्यपार गर्ने समूहमा परिणत भएको अबस्थाले गर्दा सही क्रान्तिकारी आन्दोलन आज ओझेलमा परेको र लेनिनले औल्याउने गरेको 'ठोस परिस्थितिको ठोस बिश्लेषण' लाई पनि औसरबादी र अपबित्र बर्गीय साँठगाठ गर्ने गरेर भ्रष्टिकरण गरिएको छ । लेनिनले जुन परिप्रेक्ष र सन्दर्भमा आत्मनिर्णयको अधिकारको कुरा अघि सारेका थिए त्यसलाई समेत नेपाली समाजको सामन्ती तथा दलाला नोकरशाही पूँजीबादी राजनीतिक, आर्थिक, समाजिक र साँस्कृति परिस्थितिलाई राम्रोसँग नकेलाई जथाभावी दुरूपयोग गर्ने र त्यसलाई बर्ग संघर्षका बिरुद्ध प्रयोग गर्ने हतियारकोरूपमा प्रयुक्त गर्न खोजिदै आएको छ । यसले शोषित पीडित जनतामा फाटो ल्याउने र कम्युनिष्ट आन्दोलनलाई अझ कमजोर तुल्याउने मात्र काम गर्दछ भन्ने कुरा पनि प्रष्ट नै छ।

अतः आज महान अक्टोबर समाजबादी क्रान्ति र त्यसको नेतृत्वकर्ता लेनिनलाई साच्चै सही किसिमले स्मरण गर्ने हो भने शोषित उत्पीडित जनताको एकतालाई अझ बलियो बनाउने, उनीहरूको बर्गीय चेतना र भाइचाराको भावनालाई अझ तिखार्ने र बर्गीय शोषणको अन्त्य गर्ने दिशामा उनीहरूको संघर्षलाई एकताबद्ध गर्ने कार्यदिशा लिनै पर्दछ। यसरी मात्र नेपाली समाजको बर्तमान पिछडिएको सामन्ती-दलालपूँजीवादी शोषण र साम्प्रदायिकताबाट देशलाई मुक्त गर्न सकिन्छ। अनि नेपालको राष्ट्रिय एकता तथा अखण्डतलाई सबल बनाउदै जनतन्त्र र जनजीबिकाका समस्या हल गर्ने नयाँ जनवाद तथा बैज्ञानिक समाजबादको बाटोमा यसलाई सही किसमले प्रयुक्त गराउन सकिन्छ। यसरी मात्र नेपाल बिश्व समुदायका लागि निभाउन पर्ने भूमिका निर्वाह गर्न पनि सक्षम हुने कुरा पनि निश्चित हुन्छ। वास्तवमा आज मार्क्सवाद लेनिनवाद र माओ बिचारधारालाई अँगाल्नुको औचत्य र आधार पनि यही नै हो । यी नै भावनाकासाथ महान अक्टोबर समाजवादी क्रान्ति तथा यसका सिद्धान्तकार तथा मार्क्सबादका सफल प्रयोक्ता महान लेनिनप्रति उच्च सम्मानकासाथ शतत नमन १

## लेनिन...

थिए। र, विश्वभर नै कम्युनिस्ट क्रान्तिकारीहरूक लहर आएको थियो ।

यस लेखमा विश्व सर्वहारा वर्गका महान् नेता लेनिनशीत अन्तर्सम्बन्धित भएर लेनिनद्वारा लेनिनवादको प्रादूर्भाव, लेनिनद्वारा संश्लेषण गरिएको साम्राज्यवाद र सर्वहारा क्रान्तिको विश्लेषण, उहाँले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा पुर्याउनु भएको योगदानका बारेमा केही प्रकाश पार्ने प्रयास गरिएको छ ।

***मार्क्सवादकाबारेमा योगदान***

महान् अक्टोबर समाजवादी क्रान्ति मार्क्सवादको सैध्दान्तिक पथप्रदर्शनमा भ्लादीमिर इल्यिच लेनिनको नेतृत्वमा रुसी कम्युनिस्ट पार्टी ( बोल्सेविक ) द्वारा सम्पन्न पहिलो सर्वहारा क्रान्ति हो। त्यो क्रान्तिमा मार्क्सवादको पहिलोपटक रुसी भूमिका प्रयोग भएकोले यो क्रान्ति महान् लेनिनको योगदानसित सम्बन्धित रहेको छ। मार्क्सवाद अन्तर्राष्ट्रिय सर्वहारा क्रान्तिको एक वैज्ञानिक सिध्दान्त हो । मार्क्सवादको निर्माणमा कार्ल मार्क्स (सन् १८१८ - १८८८३ ) र फ्रेडरिक एंगेल्स ( सन १८२० - १८९५ ) महत्वपूर्ण भूमिका र योगदान रहेको थियो ।

लेनिन महान् मार्क्सवादी हुनुहुन्थ्यो। उहाँले मार्क्सवादलाई राम्रोशीत आत्मसात गर्नुभएको थियो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको समग्रतामा भएको हो। मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो। यसको सिध्दान्त भौतिकवाद हो भने यसको पध्दति द्वन्द्ववाद हो । यो दर्शन सबैखाले आदर्शवाद र अधिभूतवादका विरुद्ध परिलक्षित रहेको छ ।

मार्क्सवादी राजनीतिक अर्थशास्त्र श्रमको मूल्य सिध्दान्त र अतिरिक्त मूल्यको सिध्दान्तमा आधारित रहेको छ। यसले वस्तुहरूकाबीचको सम्बन्धलाई होइन, मानिसहरूकाबीचको सम्बन्धलाई आधार मानेर चल्दछ ।

मार्क्सवादद्वारा विकसित वैज्ञानिक समाजवाद वर्गसंघर्ष, इतिहासमा वर्गसंघर्षको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवादको स्थापनाको सिध्दान्तको समष्टि हो। यसले राज्यसत्ताको क्षेत्रमा सबैखाले प्रतिक्रियावाद तथा काल्पनिक समाजवादको विरोध गर्दछ ।

मार्क्सवादका सैध्दान्तिक प्रस्थापनाहरूमा लेनिनले आफ्ना विभिन्न रचनाहरूमा गहन अध्ययन विश्लेषण र संश्लेषण गर्नुभएको छ। लेनिनले मार्क्सवादका ' तीन श्रोत तथा तीन संघटक अंग ', कार्ल मार्क्स र उनको शिक्षा ' जस्ता सार्गर्वित लेखहरू अत्यन्तै सरल र संक्षिप्त रूपमा घनिभूत ढंगले सुत्रबध्द गरेर विशेष पठनीय बनाउनु भएको छ ।

मार्क्सवादको महत्वमाथि प्रकाश पार्दै लेनिन अगाडि भन्नुहुन्छ, ' मार्क्सवादको शिक्षा सर्वशक्तिमान छ किनकि सत्य छ ।त्यो सम्पूर्ण तथा सामन्जस्यपूर्ण छ र त्यसले मानिसलाई एक यस्तो अखण्ड विश्वसंकल्पना प्रदान गर्दछ जुन कुनै पनि प्रकारका अन्धविश्वास, प्रतिक्रियावादी प्रवृया पुँजीवादी उत्पीडनको कुनै पनि पक्षपोषणको कट्टर विरोधी छ। १९ औं शताब्दीमा जर्मन दर्शनशास्त्र, अंग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सिसी समाजवादका रूपमा मानव जातिका जुन सर्वश्रेष्ठ उपलब्धिहरू रहेका छन्, मार्क्सवाद तिनको विधिसम्मत उत्तराधिकारी हो। ' लेनिन, व्ला. इ . लेनिन संकलित,चनाएँ, दश खण्डों में खण्ड ४, पृष्ठ १९४, प्रगती प्रकाशन मास्को, १९८२ ।

मार्क्सवादका तीन श्रोत जर्मन दर्शनशास्त्र, अंग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सेली समाजवादकाबारेमा जुन यहाँ उल्लेख गरिएको छ, यसै श्रोतका आधारमा मार्क्सवादका तीन संघटक अंग विकसित भएका छन्, ती हुन् - दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद ।

लेनिन एकातिर मार्क्सवादका यसप्रकारका तीन श्रोत तथा तीन संघटक अंगहरूलाई आत्मसात गर्नुभएको थियो भने अर्कोतिर मार्क्सवादलाई समग्रमा विकसित पनि तुल्याउनु भएको छ। मार्क्सवादको यो विकास भीषण वर्गसंघर्ष र क्रान्तिका बीचबाट भएको छ ।यश प्रकारका संघर्ष र क्रान्तिमा महान् अक्टोबर समाजवादी क्रान्ति एक ऐतिहासिक उत्कर्ष थियो ।

***महान् अक्टोबर क्रान्तिमा योगदान***

महान् अक्टोबर क्रान्तिमा लेनिनको महत्वपूर्ण योगदान रहेको छ। सन १९१७ मा रुसमा सम्पन्न महान् अक्टोबर समाजवादी क्रान्ति विश्वइतिहासमा एक युगान्तकारी परिघटना थियो। त्यो क्रान्ति पुँजीवादी युगको अन्त्य र वैज्ञानिक समाजवादी युगको प्रारम्भको एक ऐतिहासिक उध्घोषण थियो। त्यसले पुरानो बुर्जुवा संसदीय युगको अन्त्य र नयाँ सर्वहारा अधिनायकत्वको युगको थालनी गरेको थियो। त्यसले रुसमा मात्र होइन संसारलाई नै एक नयाँ उत्प्रेरणा र सन्देश दिएको थियो । त्यो क्रान्ति मानव जातिको इतिहासमा एक महान् अग्रगामी गुणात्मक छलाङ्ग थियो ।

महान् अक्टोबर क्रान्ति सन १८७१ मार्च १८ देखि १८७१ मे २८ सम्म कायम रहेको ऐतिहासिक पेरिस कम्युनको निरन्तरता र उत्तराधिकारीणी हो ।पेरिस कम्युनको सन्दर्भमा मार्क्सले भन्नुभएको थियो, ' यदि कम्युन विनष्ट गरियो भने पनि कम्युनका सिध्दान्त शाश्वत र अविनासी छन्, ती श्रमिक वर्गको मुक्ति नहुँदासम्म बारम्बार प्रकट भइरहने नै छन् ।' - त्जभ म्यअग्भलत इा तजभ न्चभबत म्भदबथ ँभदा ज्ञढछट - व्गला ज्ञढटघ ख्यग्फिभ - द्द उा छद्द । माथि मार्क्सले भन्नुभएझैं पेरिस कम्युका सिध्दान्तहरू साँच्चै शाश्वत तथा अविनासी छन् ।

पेरिस कम्युनको ध्येयमाथि प्रकाश पार्दै लेनिनले भन्नुभएको थियो, ' कम्युनको ध्येय - यो सामाजिक क्रान्तिको ध्येय, श्रमिकहरूको पूर्ण स्वतन्त्रता तथा आर्थिक मुक्तिको ध्येय हो ।यस सम्पूर्ण दुनियाँका सर्वहारा वर्गको ध्येय हो । र, यस अर्थमा त्यो अमर छ ।' - व्ला . इ . लेनिन, संकलित रचनाएँ दश खण्डो में खण्ड ४, पृष्ठ १३७, प्रगति प्रकाशन मास्को, १९८२ । जसरी लेनिनले पेरिस कम्युनका ध्येय अर्थात् सैध्दान्तिक उद्श्येलाई अमर बताउनुभयो छ, पेरिस कम्युनका ती अजर अमर सिधेदान्त तथा ध्येय रुसी अक्टोबर क्रान्तिमा पुनः अविर्भाव हुन पुगेका थिए। लेनिनले क्रान्तिका लागि क्रान्तिकारी सिध्दान्तमा जोड दिनुभएको थियो । त्यतिमात्र होइन, लेनिनले त्यस सिध्दान्तलाई नीति र कार्यक्रममा ढाल्नु भएको थियो ।

समग्र रुसी क्रान्ति दुई ऐतिहासिक चरणका बीचबाट सम्पन्न भएको थियो ।रुसी क्रान्तिको पहिलो चरण पुँजीवादी जनवादी क्रान्तिको चरण थियो । त्यो चरण सन १९०५ हुँदै १९१७ को फरवरी क्रान्तिमा पुरा भएको थियो । र, रुसी क्रान्तिको दोस्रो चरण १९१७ अक्टोबरसम्म सम्पन्न वैज्ञानिक समाजवादी क्रान्तिको चरण थियो। यी दुई बेग्लाबेग्लै चरणका निम्ति बेग्लाबेग्लै रणनीति अपनाइएका थिए । रुसमा सञ्चालन गरिएका यी दुबै क्रान्तिमा लेनिनको अग्रनी नेतृत्वदायी योगदान रहेको थियो ।

***लेनिनवादमा योगदान***

लेनिनवाद मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा विकास भएको मार्क्सवादी सिध्दान्त हो । अर्थात् मार्क्सवादमा आधारित रही लेनिनद्वारा विकसित विचारहरूको श्रृङ्खला नै लेनिनवाद हो। पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान - विज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानू र यसप्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उँचाइमा विकसित गर्नुपर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवाद जन्मिएको हो । लेनिन ( सन १८७० - १९२४ ) लेनिनवादका प्रतिपादक हुनुहुन्छ। लेनिनवाद के हो भन्ने विषयमा स्टालिनले भन्नुभएको छ, ' लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । खसोखास भन्ने हो भने लेनिनवाद भनेको सामान्यतः सर्वहारा क्रान्तिको सिध्दमन्त तथा कार्यनीति र विशेषतः सर्वहारा वर्गको अधिनायकतन्त्रको सिध्दान्त तथा कार्यनीति हो ।' - स्टालिन, स्टालिनका छानिएका रचनाहरू, पृष्ठ ९१, पैरवी प्रकाशन, काठमाडौं, २०६४ । माथि पनि उल्लेख गरिएको छ, यहाँ स्टालिनद्वारा लेनिनवादको सटिक परिभाषा दिइएको छ ।

यहाँनिर स्पष्ट कुरा के हो भने लेनिनले मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्ने प्रक्रियामा क्रान्तिका बीचबाट लेनिनवादको निर्माण गर्नुभएको हो । लेनिन कै जमानामा संशोधनवादले मौलाउने र हुर्कने मौका पायो । त्यसले मार्क्सवादको तोडमोड तथा विकृतिकरण गर्न पुग्यो। लेनिनले संशोधनवादका विरुद्ध कडा सैध्दान्तिक संघर्ष चलाएर मार्क्सवादको रक्षा र विकास गर्नुभएको थियो। लेनिन मार्क्सवादको रक्षाका मात्र सिमित रहनु भएन, उहाँ रुसी धर्तीमा महान् अक्टोबर क्रान्ति मार्फत् त्यसको प्रयोग समेत गर्नु भयो ।

साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा मार्क्सवादको रक्षा र प्रयोग गर्ने क्रममा विकसित तथा परिवर्तित परिस्थितिमाथि आवश्यक ध्यान दिदै लेनिनले मार्क्सवादको विकास गर्नु भएको हो। यस सन्दर्भमा लेनिन जडसूत्रवाद र अनुभववादका विरुद्ध कडा विचारधारात्मक संघर्ष चलनउनु भएको थियो ।

मार्क्सवादका तीन संघटक अंग छन्, ती हुन् - दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद । लेनिनले मार्क्सवादका यी तीनओटै संघटक अंगहरूलाई विकसित तुल्याउनु भएको थियो । त्यसैले लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद बन्न पुग्यो। त्यसपछि मार्क्सवाद - लेनिनवादलाई कमरेड माओले विकसित तुल्याउनु भयो र विश्व सर्वहारा वर्गको पथप्रदर्शक सिध्दान्त मार्क्सवाद - लेनिनवाद - माओवाद बन्न पुग्यो ।

मार्क्सवादको विकासमा लेनिनले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको क्षेत्रमा जुन योगदान गर्नु भयो, त्यो विशेष स्मरणीय रहेको छ। तसर्थ यी तीन ओटै क्षेत्रमा लेनिनद्वारा गरिएको योगदानहरूको आज क्रान्तिकारी कम्युनिस्टहरूले रक्षा गर्न जरुरी छ ।

***दर्शनको क्षेत्रमा योगदान***

दर्शनका क्षेत्रमा लेनिनका योगदानहरू निकै महत्वपूर्ण रहेका छन् । लेनिनले मार्क्सवादी दर्शनलाई आत्मसात गरि विकसित तुल्याउनु भयो । लेनिनले यस क्षेत्रमा तमाम खाले आदर्शवाद, अधिभूतवाद र यान्त्रिक भौतिकवादका विरुद्ध कडा विचारधारात्मक संघर्ष चलाउनु भएको थियो। लेनिनले प्रकृति विज्ञान र समाज विज्ञानमा हुँदै आएको विकासमाथि पनि आवश्यक ध्यान दिनु भएको थियो ।

मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादी दर्शन हो ।यसले पदार्थलाई पहिलो र चेतनालाई दोस्रो दर्जामा राख्दछ। यसले मानिसको मनभन्दा बाहिर पदार्थको स्वतन्त्र अस्तित्व स्वीकार गर्दछ। द्वन्द्वात्मक भौतिकवादले यो संसारलाई बोधगम्य र त्यसैले परिवर्तनयोग्य मान्दछ। द्वन्द्वात्मक भौतिकवादले पदार्थ र त्यसमा विद्यमान गतिलाई अविनासी मान्दै, तिनका बीचका सम्बन्धलाई अविच्छेद बताउँदै र तिनलाई एकअर्कोमा रूपान्तरण हुने कुरा स्वीकारदै आएको छ। मार्क्सवादी दर्शनको सारतत्व भनेको दुनियाँ बुझ्नु र मुख्यतः बदल्नु हो। यो नै सर्वहारा वर्गको विश्वदृष्टिकोण हो ।

दार्शनिक फाँटमा द्वन्द्वात्मक भौतिकवादमाथि विभिन्न कोणबाट हुँदै आएको

बाँकी ६ पेजमा

# संयुक्त मोर्चाबारे

● अटल ●

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा संयुक्त मोर्चा हो। समाजमा दुई वटा वर्ग हुन्छन्, शोषक र शोषित। विकसित पुँजीवादी समाजमा वर्गहरू स्पष्ट दुई ध्रुवमा बाँडिएका हुन्छन्, पुँजीपति र मजदुर वर्ग। विश्व हल्लाउने महान् अक्टोबर क्रान्ति सम्पन्न भएको सय वर्ष पुगिसकेको छ। समाजवादी क्रान्तिको सफलतापछि पुँजीपति वर्गको सातो गयो। पुँजीवादी र साम्राज्यवादीहरू आपसी लडाईं र झगडाको ठाँउमा विश्वको विभाजन र पुनर्विभाजन गरेर एसिया अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा अर्ध तथा नव-औपनिवेशिक लुटखसोटद्वारा विश्व लुट्ने क्रम चलिरहेको छ। अर्ध तथा नवऔपनिवेशिक देशहरूमा विकसित पुँजीवादी र साम्राज्यवादी देशहरूमा अलि भिन्न हिसाबले क्रान्तिको काम अगाडि बढ्दछ। त्यसैलाई संश्लेषित गदै माओले क्रान्तिका साधनलाई तीन जादुगरी हतियारको नाम दिनु भयो। पार्टी, सेना र संयुक्तमोर्चा यी मध्य पार्टी मुख्य हो भने सेना र संयुक्त मोर्चा अरू दुई शाक्ति हुन्। यहाँ हामी संयुक्त मोर्चाबारे बढी चर्चा गर्नेछौं।

नेपाल जस्तो अर्ध तथा नव-औपनिवेशिक देशमा नयाँ जनवादी क्रान्ति नै क्रान्तिको मुख्य कार्यभार हो। सर्वहारा वर्गको नेतृत्वमा किसान र मजदुरको एकतामा यो क्रान्ति सम्पन्न गर्नु पर्दछ। क्रान्तिमा मजदुर वर्गको महत्वपूर्ण भूमिका हुदाँहुदै पनि नेपालमा औद्योगिक सर्वहारावर्गको विकास राम्रोसँग नभएकोले अझै पनि सरकारी तथ्याङ्क अनुसार ६३ प्रतिशत किसानहरू नै क्रान्तिका मेरुदण्ड हुन्। संयुक्त मोर्चा विविध प्रकारका हुन्छन्। कार्यगत एकता, रणनीतिक संयुक्त मोर्चा, कार्यनीतिक संयुक्त मोर्चा आदि। अन्तरविरोधको नियम अनुसार एकपटक एउटा अन्तरविरोध प्रधान हुन्छ र बाँकी सहायक अन्तरविरोध हुन्छन्। प्रधान शत्रुको विरोधमा अरू सहायक शत्रुहरू समेत गौण हुन पुग्दछन्। प्रधान शत्रुको विरोधमा केन्द्रित गराउन कुशल बन्न सक्नु पर्दछ। उत्पादन शक्तिको विकास र उत्पादन सम्बन्धको हेरफेरले गर्दा, सङ्घर्ष, आन्दोलन, जन-आन्दोलन, जनयुद्ध, सशस्त्र जन-विद्रोह समाजमा भई रहन्छन्। हरेक एक दशकको वरिपरि उत्पादक शक्तिको विकास, उत्पादन सम्बन्धमा हेरफेर आउने गर्दछ। वि.सं. १९८७ को प्रचण्ड गोरखा काण्डबाट सुरू भएको विद्रोह १९९७ सालको गंगालाल सहिद पर्व हुँदै नेपाली समाज १० वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलन मार्फत् यहाँसम्म आइपुगेको छ। नेपाल कम्युनिस्ट पार्टीले सर्वहारा वर्गको नेतृत्वमा सामन्तवाद तथा साम्राज्यवादको अन्त्य गरी नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने रणनीतिक लक्ष्य लिई सन् १९४९ प्रिल २२ अर्थात् वि.सं. २००६ वैशाख १० गते पार्टी स्थापना गरी निरन्तर सङ्घर्ष गर्दै आइरहेको छ। कार्यनीतिलाई रणनीतिक उद्देश्य प्राप्तिमा केन्द्रित गर्दा गर्दै पनि, शक्ति सन्तुलन र आन्तरिक तथा बाह्य कारणले गर्दा क्रान्ति अझै सम्पन्न हुन सकेको छैन। तर पनि कार्यनीतिक सफलताले रणनीतिकलाई नजिक ल्याउने र ससाना सफलता र विजयले विश्वास बढ्न गई कम्युनिस्ट आन्दोलनप्रति विश्वास बढ्न जान्छ र जनताको ठुलो हिस्सा अहिले पनि कम्युनिस्ट आन्दोलनप्रति आकर्षित छ र बहुसङ्ख्यक जनता नेपालमा कम्युनिस्ट पार्टीप्रति आकर्षित छन्। यो कुरा बेग्लै हो कि कम्युनिस्ट आन्दोलनमा घुसेको अवसरवादी धारा संशोधनवाद, सुधारवाद र संसदवादी धारा जब्बर रूपमा विद्यमान छ। क्रान्तिकारी धारा अहिले कमजोर जस्तो देखा परेको छ। जनता क्रान्ति चाहन्छन् र राष्ट्र मुक्ति चाहन्छन्। अवसरवादीले कहिल्यै क्रान्ति र परिवर्तन दिन सक्तैन। क्रान्तिको काम सँधै अगाडि बढिरहँदैन। जब क्रान्तिकारी आन्दोलन अगाडि बढ्छ जनताको बहुसङ्ख्यक हिस्सा क्रान्तिकारी पार्टीको झण्डा मुनि गोलबन्द्ध हुन आइपुग्छन्। महान् लेनिनले भन्नुभएको थियो- "सन् १९१७ को अक्टोबर २४ को राती १२ बजे आधा सोभियत जनता बोल्सेभिकको झण्डामुनी आइपुगे" भनेर। चुनावी आँकडा नै सहि २०६४ को चुनावमा तात्कालिक क्रान्तिकारी पार्टी ने.क.पा.(माओवादी)को झण्डामुनी २४० सिट मध्य १२० सिट जितेर आधा नेपाली (माओवादी)को झण्डामुनी गोलबद्ध हुन आइपुगेका थिए। नेपालको क्रान्तिकारी कम्युनिस्ट पार्टी ने.क.पा.(क्रानितकारी माओवादी) हो। यसले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य लिएको छ। बलियो प्रतिक्रियावादी राज्य सत्तासँग लड्न र जित्न सर्वहारा वर्गको अग्रदस्ता ने.क.पा.(क्रान्तिकारी माओवादी) एक्लैले सक्तैन। त्यसैले अस्थायी र स्थायी दुई प्रकारका साथी खोज्नुपर्ने हुन्छ। राष्ट्रियता, जनतन्त्र र जनवीविकाका प्रश्नमा कामको लागि एकता, काम सकियो एकता सकियो, कार्यगत एकता !

ने.क.पा.(क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यस किसिमका साथी खोज्दै सुरूमा २-४ दलबाट सुरू गरेर २३ दलसम्म पुर्‍याएको छ र राष्ट्रका जल्दा-बल्दा समस्यालाई लिएर खबरदारी गर्दै आइरहेको छ। यस किसिमको संयुक्त मोर्चालाई कार्यगत एकताको मोर्चा भनिन्छ। अर्को कार्यनीतिक संयुक्त मोर्चा हो। यस किसिमको मोर्चा अलि लामो प्रकारको हुन्छ। वैचारिक राजनीतिक सैद्धान्तिक धेरै कुरा नमिल्ने तर सामन्तवाद साम्राज्यवाद विरोधी नयाँ जनवाद पनि भन्ने पार्टीहरूसँग एउटा खास चरणसम्म देशमा समस्या आउनासाथ जुटेर सङ्घर्ष गर्ने संयुक्त मोर्चालाई कार्यनीतिक संयुक्त मोर्चा भनिन्छ। अर्को संयुक्त मोर्चाको नाम रणनीतिक संयुक्त मोर्चा हो। पार्टी एकतालाई समेत उद्देश्य बनाएर नयाँ जनवादसम्म जाने गरी बन्ने यस प्रकारको संयुक्त मोर्चालाई राजनीतिक संयुक्त मोर्चा भनिन्छ। चार वटा पार्टीहरूको बिचमा यो मोर्चा बनाउने काम पनि हुँदै आएको छ।

कम्युनिस्ट पार्टी सर्वहारा वर्गको अग्रदस्ता हुने भएकोले यसले नेतृत्वदायी भूमिका खेल्दछ। यो वैचारिक, सैद्धान्तिक दार्शनिक र राजनीतिक रूपले संयुक्त मोर्चाबारे क. चन्द्रहरि सुवेदीपिविएम्, नेकपा (क्रान्तिकारी माओवादी) प्रशिक्षित सर्वहारा वर्गको पार्टी हुनाले यसले सबै क्रान्तिकारी, क्रान्तिप्रति समर्थन गर्ने शुभ-चिन्तकहरूलाई समेट्न सक्तैन। त्यसैको लागि संयुक्त मोर्चा र जनवर्गीय सङ्गठनको आवश्यकता पर्ने हो। "भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित दलाल एवम् नोकरशाही पुँजीपति तथा सामन्त वर्ग र आम जनसमुदायका बिच प्रधान अन्तरविरोध रहेको छ।" यही अन्तरविरोध हल गर्नु नै क्रान्तिको मुख्य कार्यभार हो। हाम्रो जस्तो किसानको बाहुल्य रहेको, सर्वहारा सुकुम्बासी देखि निम्न, निम्न मध्यम, मध्यम, धनी किसान हुँदै राष्ट्रिय पुँजीपतिसम्म क्रान्तिको मित्र वर्ग रहेको बहुवर्गीय समाजमा सबैलाई समेटेर शोषक वर्गप्रति सङ्घर्ष केन्द्रित गराउने काम गाह्रो काम हो। सङ्घर्ष आन्दोलनको आरोह हुँदा सङ्घर्षमा होमिने र अगाडि बढ्ने र अवरोह हुँदा भाग्ने मात्र होइन विरोधमा समेत जाने काम हुन्छ। त्यही कठीन काम सम्पन्न गर्नको लागि नै संयुक्त मोर्चाको आवश्यकता पर्ने हो। संयुक्त मोर्चा क्रान्ति सम्पन्न नहुञ्जेल सङ्घर्षको साधन र क्रान्ति सम्पन्न भइसकेपछि सत्ताको साधन हो। नेपालमा कम्युनिस्ट पार्टीहरूले संयुक्त मोर्चाको अभ्यास गरेको लामो अवधि भइसकेको छ। सामान्यतया सत्तासँग जोडिएको चुनाव उपयोग गरेको बेलामा होस् वा जनयुद्धको अवधिमा आधार इलाकाहरूमा सत्ताको अभ्यास गर्दा होस् मानिसहरूको आकर्षण संयुक्त मोर्चाप्रति हुने गर्दछ। संयुक्त मोर्चा दर्ता गरेर यो कानुनी र बाह्य रूपमा पार्टीको रूपमा देखा पर्ने बेलामा विभिन्न प्रवृत्ति यसभित्र प्रवेश गर्ने र यसलाई कब्जा गर्नेसम्मका हर्कत हुने गरेका छन्। सर्वहारा वर्गको नेतृत्वमा रहनु पर्ने मोर्चा नै सर्वहारा वर्गबाट स्वतन्त्र हुने र आफैं बन्ने कसरत हुने गर्दछ। पार्टीभित्र चल्ने अन्तर्सङ्घर्ष र दुई लाइन सङ्घर्ष चल्दा यसको सबैभन्दा घनत्व संयुक्त मोर्चामा देखापर्ने गरेको छ।

त्यसैले वर्गीय पक्षधरताको नेतृत्व गर्नुपर्ने संयुक्त मोर्चामा नेतृत्वदायी कम गर्ने कमरेडहरू कुशल अनुशासित सक्षम र वर्गप्रति प्रतिवद्ध हुने खालको हुनु पर्दछ। सत्ता, निर्वाचनसँग नजोडिएको बेला त्याग तपस्या बलिदान जेल नेल पर्ने अवस्थामा संयुक्त मोर्चा साँघुरो हुने, यसमा सङ्गठित हुन नचाहने र कम्युनिस्ट पार्टी भन्दा पनि टाक्सिने र सानो हुने गर्दछ। राजनीतिक संयुक्त मोर्चा वर्गमा आधारित हुने उत्पीडित वर्ग, जाती, लिङ्ग, सांस्कृतिक क्षेत्र, पिछडिएको क्षेत्रलाई समेटेर क्रान्ति सम्पन्न हुने बेलासम्म नेतृत्व गर्नुपर्ने हुँदा उतारको बेलामा आन्दोलन सङ्घर्ष नचलेको बेलामा वर्गमा आधारित राजनीतिक संयुक्त मोर्चाका काम त्यति सजिलो हुँदैन र अगाडि बढ्न गाह्रो पर्दछ। यस्तो बेलामा ससाना फूलका थुङ्गा उनेर माला उने जस्तै तात्कालिक अन्तरविरोध पत्ता लगाएर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई समेटेर मिल्न सक्ने विषयमा मिलेर ससाना विजय हासिल गर्दै माला उनेजस्तै विजयका फूल उन्दै माला बनाउनु पर्दछ। यस किसिमको कार्यगत एकता र कार्यनीतिक संयुक्त मोर्चाले राजनीतिक संयुक्त मोर्चाका कामलाई नजिक ल्याउने र कामलाई सजिलो बनाउँछ। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा राजनीतिक प्रकारको संयुक्त मोर्चा हो। क्रान्तिकारी वर्गलाई समेट्न यस किसिमको संयुक्त मोर्चाको आवश्यता पर्दछ। औद्योगिक सर्वहारा वर्गको विकास नभएको अर्ध तथा नव-औपनिवेशिक एसिया अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा यस किसिमका राजनीतिक संयुक्त मोर्चाको आवश्यकता पर्दछ। कम्युनिस्ट पार्टी क्याडर बेश पार्टी हुनु पर्दछ। अरू नामधारी कम्युनिस्ट पार्टीहरूलाई यस किसिमको संयुक्त मोर्चाको आवश्यता पर्दैन। क्रान्तिकारी कम्युनिस्ट पार्टी जो आफुलाई विसर्जनवादबाट जोगाउन सचेत रूपमा भूमिका राख्दछन्। कानुन र व्यवस्थाको विरोधमा सशक्त सङ्घर्ष गर्दछन्। प्रतिक्रियावादी राज्य सत्ताको अगाडि सर्वाङ्ग खुला नगरेर पार्टीलाई दर्ता गर्दैनन्। बोल्सेभिक पार्टी जस्तो हड्डीतोड अनुशासन कायम राख्दछन्। वर्गप्रति प्रतिवद्ध योग्यहरूलाई मात्र पार्टी सदस्यता प्रदान गर्दछन्। विजातीय प्रवृत्तिलाई पार्टीमा भित्र्याउँदैनन्। भुटेको मकै बाँडे जस्तो पार्टी सदस्य बाँड्दैनन्। त्यस्तो क्रान्तिकारी कम्युनिस्ट पार्टीको लागि मात्र संयुक्त मोर्चाको आवश्यकता पर्दछ। संशोधनवादी, सुधारवादी र संसदवादी नामधारी कम्युनिस्ट पार्टी जो निर्वाचन आयोगमा दर्ता छन्। हात उठाउना साथ पार्टी सदस्यता दिन्छन् ती आफै संयुक्त मोर्चा जस्ता पार्टीहरूलाई किन अरू दुईवटा जादुगरी हतियार आवश्यकता पर्दछ र ? उनीहरूलाई चुनाव जित्न एउटा नामधारी कम्युनिस्ट पार्टी भए पुग्छ। संयुक्त मोर्चा र सेना चाहिँदैन। मुखले क्रान्ति र परिवर्तन ।।।समाजवाद'का कुरा गर्छन् व्यवहारमा विद्यमान प्रतिक्रियावादी राज्यसत्ताका संचालक समिति हुन् ं। संयुक्त मोर्चालाई हामी यातायातको साधनसँग पनि तुलना गर्न सक्छौं। उदाहरणको लागि काठमाडौंबाट काँकडभिट्टा जाने एक्सप्रेस बसमा भरिसक्य लोकल यात्रु राखिँदैन, लक्ष्य उद्देश्य मिल्ने सकेसम्म टुङ्गोमा पुग्ने लामो दुरीका यात्रु मात्र राखिन्छ। ढिलाढाला नगरी निश्चित समयमा पुग्ने उद्देश्य राखिन्छ। त्यसो गर्दा कहिले काहीँ बस खाली जस्तो पनि हुन सक्छ। कम्पनी घाटामा जान पनि सक्छ। तर अर्को बस जो लोकल हुन्छ। उद्देश्य गन्तव्य चाँही पूर्वतिरै हुनुपर्छ हरेक स्टेशन र बिसौनीमा रोक्दै ५-१० रूपैयाका यात्रुसम्म चढाउँदै बस खचाखच भरेर लगिन्छ, तेलको पैसा मात्र होइन कम्पनी नाफामा जान्छ। बसका स्टाफको पनि टन्न आम्दानी हुन्छ। संयुक्त मोर्चा यस्तै खचाखच भरिने बस जस्तै हो, जो पूर्वतर्फ अर्थात् नयाँ जनवादी क्रान्तितर्फ उन्मुख छ। ऊ त्यो साधनमा उक्लन योग्य हुन्छ भने जस्तै हो। नेपालमा संयुक्त मोर्चा मार्फत् पुरानो राज्यसत्तालाई अंश-अंश गर्दै ध्वस्त पार्दै विजय हासिल गर्दै जनतामा विश्वास जगाउँदै पाइला-पाइला गरेर नयाँ जनवाद, समाजवाद र साम्यवादतर्फ जाने काम हुँदै आएको छ। २००७ सालमा १०४ वर्षे जहानीयाँ निरङ्कुश राणा शासन कम्युनिस्ट, काङ्ग्रेस, प्रजापरिषद्, प्रचण्ड गोरखा जस्ता पार्टीहरूको संयुक्त मोर्चा मार्फत् हटाइयो। ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्थालाई आंशिक रूपमा २०३५/२०३६को जन-आन्दोलन र पुरै रूपमा २०४६ सालको संयुक्त राष्ट्रिय जन-आन्दोलन, वाममोर्चा र काङ्ग्रेसको संयुक्त मोर्चा मार्फत्, संयुक्त जनआन्दोलन मार्फत् हटाइयो। यस किसिमको परिवर्तन र सङ्घर्ष १० वर्षको जनयुद्ध र १९ दिने नआन्दोलन मार्फत् २०६२/२०६३ को जनआन्दोलनबाट २५० वर्षको सामन्ती राजतन्त्र सहित परम्परागत संसदीय व्यवस्थाको जरा खलबल्याउने काम भयो र गणतन्त्र, धर्म निरपेक्षता सङ्घीयता र समानुपातिक समावेशिता जस्ता आंशिक उपलब्धि हासिल हुन पुग्यो। यस किसिमको विजय र परिवर्तनले गरे केही हुन्छ भन्ने विश्वास पैदा भएको छ भने, हाम्रा बाउ बाजेले पुरानो राज्यसत्ता बलियो छ यसलाई भत्काउनु र फेर्नु पहरोलाई कुहिनाले हिर्काउनु जस्तै हो भन्ने मिथक पुराना भए। सङ्घर्ष गरे परिर्तन हुन्छ भन्ने कुरा स्थापित भएको छ। कार्यगत एकता र कार्यनीतिक संयुक्त मोर्चाले यस किसिमका आंशिक सुधार र परिवर्तन हुँदै आएका छन् र गर्दै पनि जानु पर्छ। नेपालमा अहिलेसम्मका कार्यगत एकता र कार्यनीति संयुक्त मोर्चाले शासन व्यवस्थामा मात्र हेरफेर र परिवर्तन ल्याएको छ। एक्सप्रेस बस जस्तै राजनीतिक संयुक्त मोर्चाले लक्ष्य, उद्देश्य मिल्ने दुरगामी मित्र खोज्दै शासन व्यवस्था मात्र होइन राज्यसत्ता नै परिवर्तन गर्ने नयाँ जनवादी क्रान्ति नै गर्नु पर्दछ।

हार्दिक शुभकामना

शुभदीपावली, नेपाल सम्वत् ११४२ (नयाँ वर्ष) तथा छठपवको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पूर्ण गाउँपालिकावासी लगायत नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना। साथै, स्वास्थ्य सावधानी अपनाई चाडबाड मनाउनको लागि अनुरोध गरिन्छ। कोभिडको संक्रमण पुर्ण रुपले अन्त्य नभएको हुनाले यसको संक्रमणबाट "आफु बचौं र अरूलाई पनि बचाऔं !"

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

दलबहादुर बस्नेत
प्रशासकीय अधिकृत
नरैनापुर गाउँपालिका
नेपालगञ्ज, बाँके

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली, छठ तथा नेपाल सम्बतको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पुर्ण नेपालीलाई हार्दिक मंगलमय शुभकामना। साथै, स्वास्थ्य सावधानी अपनाई चाडबाड मनाउनको लागि अनुरोध गरिन्छ। कोभिडको संक्रमण पुर्ण रुपले अन्त्य नभएको हुनाले यसको संक्रमणबाट "आफु बचौं र अरूलाई पनि बचाऔं !"

**रमेश नेवा**
अध्यक्ष

## कान्तिपुर सिसडोल वातावरण सेवा प्रा.लि.

कामनपा-१२, सोल्टीमोड, काठमाडौं



# हार्दिक शुभकामना

शुभदीपावली, नेपाल सम्वत् ११४२ (नयाँ वर्ष) तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

**ध्रुवराज गिरी**, वडाध्यक्ष मो.नं. ९८४११६४८७०

## चौतारा साँगाचोकगढी नगरपालिका १२ वडा कार्यालय परिवार

साँगाचोक, सिन्धुपाल्चोक, Chautaramun12@gmail.com



# हार्दिक शुभकामना

शुभदीपावली, नेपाल सम्वत् ११४२ (नयाँ वर्ष) तथा छठपर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्र योग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

**बिषाराम बर्मा**
वडाध्यक्ष

## नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २२ कार्यालय परिवार

नेपालगञ्ज, बाँके



# हार्दिक शुभकामना

शुभदीपावली, नेपाल सम्वत् ११४२ (नयाँ वर्ष) तथा छठपवको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पूर्ण गाउँपालिकावासी लगायत नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना। साथै, स्वास्थ्य सावधानी अपनाई चाडबाड मनाउनको लागि अनुरोध गरिन्छ। कोभिडको संक्रमण पुर्ण रुपले अन्त्य नभएको हुनाले यसको संक्रमणबाट "आफु बचौं र अरूलाई पनि बचाऔं !"

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

**मणिराम खराल**
प्रमुख प्रशासकीय अधिकृत

## खजुरा गाउँपालिका

नेपालगञ्ज, बाँके

# राष्ट्र्रियताको मुद्दा र सङ्घर्षको सवाल



● पवनमान श्रेष्ठ ●

नेपालको सवालमा राष्ट्रियताको मुद्दा एउटा सम्वेदनशील र पेचिलो मुद्दा बन्दै आएको छ। राष्ट्रियताको कुरा गर्दा देशको भूगोल अथवा सीमानामा बाह्य शक्तिले गर्ने हस्तक्षेपको रूपमा मात्र बुझ्ने पनि गरिन्छ। यहाँ यस्तो पनि प्रचलन छ कि राष्ट्रियताको समस्यालाई आम रूपमा नेपालमाथि बाह्य शक्तिको हस्तक्षेप मात्र बुझ्ने। तर यो आंशिक बुझाई मात्र हो। वास्तवमा राष्ट्रियताको सवाल देशमाथि बाह्य मुलुकबाट गरिने अवान्छित क्रियाकलाप र हस्तक्षेप तथा देश भित्रकै आदिवासी जनजातिमाथि हुने उत्पीडन र हस्तक्षेप पर्दछन्। त्यसैले राष्ट्रियताको सवाल आन्तरिक र बाह्य पक्ष दुबै हुन्छन्। राष्ट्रियताको मुल तत्व भनेको यहाँका जनता हुन्। जनताका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र भूगोल बाह्य राष्ट्रियता अन्तर्गत पर्दछन् भने आन्तरिक राष्ट्रियता पनि सम्बन्धित भूगोलका आदिवासी जनजाति, उनीहरूको अर्थतन्त्र, भाषा, कला, संस्कृति, धर्म आदि पर्दछन्। नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता अन्तर्गत नेपालको एकीकरणपछि भारतस्थित इष्ट इण्डिया कम्पनीद्वारा नेपालमाथि फौजी हस्तक्षेपबाट शुरु भएको देखिन्छ र सुगौली सन्धिपछि नेपालले आफ्नो एकतिहाई भूगोल मात्र गुमाउनु परेन, बरू निरन्तर रूपमा थप आर्थिक, अप्रत्यक्ष रूपमा राजनीतिक र सांस्कृतिक रूपमा हस्तक्षेप हुँदै आएका छन्। नेपाल तात्कालिन रूपमा वृटिश इण्डियाको र हाल भारतीय विस्तारवादको अर्धउपनिवेश तथा नवउपनिवेशको रूपमा कायम रहेको छ। नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा उनीहरूका आदिथलो, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा उत्पीडन हुँदै आएका छन्। गोरखा राज्य विस्तारलाई हामी नेपालको भूगोलको एकीकरणको रूपमा पनि लिन सक्छौं। आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालको आन्तरिक राष्ट्रियता झन् गम्भीर सङ्कटमा पर्दै आएको छ। यस्तो हुनुमा साम्राज्यवादी तथा विस्तारवादका आडभरोसामा रहेका दलाल तथा नोकरशाही पुँजीपति राष्ट्रिय आत्मसमर्पपणवादी तथा ब्राह्मणवादी प्रतिक्रियावादी शासकहरूले मलजल गर्दै आएका छन्। नेपालको वाह्य राष्ट्रियताको कुरा गर्दा साम्राज्यवाद विषेशतः भारतीय विस्तारवादबाट लगातार रूपमा हुँदै आएको उत्पीडन प्रमुख रूपमा रहेको छ। भारतीय विस्तारवादले नेपालको भूगोलमाथिको अतिक्रमण, नेपाली जनताको जनजीवनमाथि प्रत्यक्ष रूपमा असर पार्ने गरी आर्थिक र सांस्कृतिक रूपमा अतिक्रमण, जनसाङ्खिक अतिक्रमण, राजनीतिक हस्तक्षेप आदि पर्दछन्। यिनलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ

१. नदीनाला, जलस्रोत तथा जलविद्युत्सँग सम्बन्धित असमान सन्धि सम्झौताहरू। यस अन्तर्गत कोशी, गण्डक सम्झौता, महाकाली सन्धि, पछिल्लो चरणमा भएका अपर कर्णाली र अरूण तेस्रो रहेका छन्। २. कोशी नदीमा उच्च ड्याम बनाउने परियोजना, जसले नेपालको थुप्रै वस्ती र खेतीयोग्य भूमि जलमग्न बनाउने छ। यसका साथै नेपालको दक्षिणी सीमानामा भारतद्वारा जमिन उठाएर बनाइएका सडक तथा ड्याम, जसले नेपाली भूमि वर्षातको मौसममा डुवानमा पारिरहेको छ। ३. पारवहन सन्धि। ४. भारतीय विस्तारवादले नेपाल जस्तो भूपरिवेस्थित देशमाथि वेलावखत गरिने नाकाबन्दी। ५. सीमाना अतिक्रमण। ६. दार्चुला जिल्ला स्थित कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतीय विस्तारवादको फौजसहितको कब्जा। ७. विप्पा सम्झौता। ८. नागरिकता विधेयक। ९. निर्वाध रूपमा भित्रिने भारतीय सिनेमा तथा उपभोग्य सामग्रीहरू। १०. सन् १९५० को सन्धि तथा त्यस अघिका सन् १८१६ को सुगौलीसम्मका सन्धिहरू, जसले नेपाललाई भारतको उपनिवेश बनाएको छ। ११. सन् १९६५ को सन्धि र पत्राचारहरू, जसले नेपाललाई भारतीय सुरक्षा छातामुनि ल्याउने काम गरेको छ। १२. पछिल्लो चरणमा नेपाली राजनीतिमा भारतीय हस्तक्षेप, जसले नेपाललाई भारतको अर्धउपनिवेश मात्र नबनाएर नबउपनिवेश बनाउने गरेको छ। १३. एम.सि.सि।

अर्कोतिर आन्तरिक राष्ट्रियताको कुरा गर्दा ब्राह्मणवादी राज्यसत्ताले यहाँका आदिवासी जनजातिमाथि थिचोमिचो र उत्पीडन गर्दै आएको छ। यसलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ : १. आदिथलोमाथि अतिक्रमण र आप्रवासनको समस्या। २. भाषा, कला, संस्कृतिमाथि उत्पीडन र अतिक्रमण। ३. सम्पदामाथि अतिक्रमण। ४. प्राकृतिक स्रोतसाधनमाथि अतिक्रमण। ५. विकास निर्माणको नाममा आदिवासी जनजातिको उठिवास र अप्रत्यक्ष रूपमा जातीय संहार। ६. अर्थतन्त्रमाथि अतिक्रमण र विनास। नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता र आन्तरिक राष्ट्रियता दुवै गम्भीर सङ्कटमा रहेका छन्। आन्तरिक राष्ट्रियता (आदिवासी जनजाति र क्षेत्रमाथि भइरहेका उत्पीडन) को समस्या हल नभई वास्तवमा देशभित्रको राष्ट्रियता मजबुत हुन सक्दैन। यसको मतलब जनता बिचमा सुदृढ एकता पैदा हुन सक्दैन। जनताको सुदृढ एकता बिना बाह्य राष्ट्रियताको समस्या (बाह्य शक्ति विषेश गरी भारतीय विस्तारवादको थिचोमिचो, उत्पीडन र हस्तक्षेपका) विरुद्ध सशक्त रूपमा लड्न सकिँदैन। अर्कोतिर बाह्य राष्ट्रियतालाई सुदृढ बनाउन नसक्दा आन्तरिक राष्ट्रियता पनि सुदृढ हुन सक्दैन।

आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता बिचमा द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। अर्को शब्दमा भन्दा आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता एक अर्काका परिपुरक हुन्छन्। त्यसैले राष्ट्रियताको कुरा गर्दा एक पक्ष समातेर अर्को पक्षलाई अनदेखा गर्नु राष्ट्रियताको आन्दोलनलाई जानीनजानी कमजोर बनाउने काम हुन्छ। यसबाट हामी सतर्क रहनु पर्दछ। हामी फेरि यस कुरामा पनि स्पष्ट हुनु पर्दछ कि अन्ततः बाह्य राष्ट्रियता प्रधान हुन्छ। यसो भन्दै गर्दा आन्तरिक राष्ट्रियतालाई छोड्नु गम्भीर गल्ती हुनेछ र यसले बाह्य राष्ट्रियतालाई कमजोर बनाउँछ।

यसले माथि उल्लेख गरिएका बाह्य राष्ट्रियताका समस्याहरू हल हुनेछन्। आन्तरिक तथा बाह्य राष्ट्रियताको समस्या हुनुमा साम्राज्यवाद तथा विस्तारवादको भूमिका गंभीर भएकोले आन्तरिक राष्ट्रियताको सवालमा देशभित्रका दलाल, नोकरशाही पुँजीपति वर्ग, ब्राह्मणवादी सामन्त वर्गको विरुद्ध संघर्ष केन्द्रीत गर्नुका साथै साम्राज्यवाद र विस्तारवाद विरुद्ध पनि संघर्ष केन्द्रीत गर्नु पर्छ। यी दुवैको निकास नयाँ जनवादी क्रान्तिले मात्र पुरा गर्न सक्दछ। त्यसैले राष्ट्रियताको मुद्दा जुन देशको अत्यन्त संवेदनशील तथा जटिल मुद्दा र देशको एउटा जल्दोबल्दो तथा प्रमुख मुद्दा मध्ये एक बनेको छ, यसलाई हल गर्न सबैले आन्तरिक तथा बाह्य राष्ट्रियता हल गर्ने गरी दुबै मुद्दाहरूलाई सशक्त रूपमा उठान गरेर सङ्घर्षलाई सशक्त बनाउनु पर्दछ। आम पार्टी पङ्क्तिभित्र, क्रान्तिकारी संयुक्त मोर्चाभित्र, सबै जबस र जातीय मोर्चाहरू तथा मञ्चहरूमा पनि यो एउटा प्रमुख मुद्दा बन्नु पर्दछ। साथै यसका लागि आम नेपाली जनता एक भई नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर सङ्घीय जनगणतन्त्र स्थापना गर्ने दिशामा अघि बढ्नु बाहेक हाम्रो अगाडि अर्को विकल्प छैन।

०७८/०३/३१

*(लेखक श्रेष्ठ दे.ज.मो सचिव हुनुहुन्छ।)*

*जनगणतन्त्र वर्ष १ अंक १ २०७८ बाट साभार*


हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली, छठ तथा नेपाल सम्बतको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पुर्ण नेपालीलाई हार्दिक मंगलमय शुभकामना। साथै, स्वास्थ्य सावधानी अपनाई चाडबाड मनाउनको लागि अनुरोध गरिन्छ। कोभिडको संक्रमण पुर्ण रुपले अन्त्य नभएको हुनाले यसको संक्रमणबाट "आफु बचौं र अरूलाई पनि बचाऔं !"

रोशन पाख्रिन — अध्यक्ष
डा.पवन शाक्य — निमित्त मेसु

जिल्ला अस्पताल विकास समिति
रामेछाप

हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक तथा नेपालीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।

पूर्णबहादुर मगर — अध्यक्ष
निरबहादुर कार्की — प्रधानाध्यापक

श्री गौरीशंकर माध्यामिक विद्यालय परिवार
रामेछाप बजार

हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली, छठ तथा नेपाल सम्बत ११४२ (नयाँ वर्ष) को उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नवराज माझी — अध्यक्ष
हरि माझी — सचिव
मञ्जु माझी — कोषाध्यक्ष

सुनकोशी-२ जलविद्युत आयोजनाविरुद्ध संघर्ष समिति
सुनकोशी

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नेपालीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।

भूमिगत जलस्रोत नं सिंचाइको मूल आधार
कृषि उत्पादन बढाई किसानमा ल्याउँछ उमंगको बहार

सुरेन्द्र महर्जन
डिभिजन प्रमुख

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
नेपालगञ्ज, बाँके

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।


दिपक बर्मा
वडाध्यक्ष

नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १८ कार्यालय परिवार
नेपालगञ्ज, बाँके

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

# महाकवि देवकोटाको ११३औँ जन्म दिवस



काठमाडौं । नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको आजा ११३ औं जन्म दिवस हो । स्वदेश र विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी देवकोटाको ११३औं जन्म दिवस मनाइँदैछ .

महाकवि देवकोटाको जन्म विसं १९६६ मा कार्तिक कृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन काठमाडौँको डिल्लीबजारमा भएको थियो भने निधन २०१६ साल भदौ २९ गते भएको थियो । दश वर्षको उमेरमा कविता लेख्न सुरु गरेका देवकोटाका थुप्रै महाकाव्य, खण्डकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास, गीत, समालोचना र फुटकर कविता प्रकाशित छन्। 'मुनमदन' देवकोटाको सबैभन्दा चर्चित कृति हो । देवकोटाको जन्म दिवसको अवसरमा आज काठमाडौंको डिल्लीबजारमा रहेको देवकोटाका सालिकमा माल्यार्पण गरि विविध साहित्यिक कार्यक्रम गरिँदैछ । देवकोटाको न्वारानको नाउँ तीर्थमाधव भएपनि लक्ष्मीपूजाका दिन जन्मिएका कारण नाम लक्ष्मीप्रसाद राखिएको थियो।

नेपालीसाहित्य आकासका विराट र बहुप्रतिभाका धनी देवकोटाका धुरन्धर रचनाहरूका कारण नेपालीसाहित्य परिधिमा उनलाई महाकवि भनेर चिनिन्छ। पिता तीलमाधव र माता अमरराज्यलक्ष्मी देवीका साँईला छोराका रूपमालक्ष्मीप्रसाद देवकोटाको जन्म भएको थियो। देवकोटाले मुनामदन, सुलोचना, शाकुन्तल जस्ता अमर कृतिहरू लेखेका छन् । देवकोटाले नेपाली साहित्यलाई सयभन्दा बढी कृति दिएका छन्। यी कृतिका माध्यमबाट देवकोटाले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाएका छन् । नेपाली साहित्यमा आधुनिक महाकाव्य लेखनको थालनी गरेका देवकोटाको 'मुनामदन' खण्डकाव्य नेपाली भाषामा प्रकाशित हालसम्म सबैभन्दा बढी बिक्री भएको पुस्तक हो ।

देवकोटालाई नेपाली साहित्यमा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवर्तकको रूपमासमेत चिनिन्छ। उनका रचनामा मानवतावाद, प्रकृतिप्रेम र क्रान्तिकारिता झल्कन्छ। देवकोटाका सिर्जनामा पूर्वीय र पाश्चात्य दर्शनको संयोजन पाइन्छ । देवकोटाले अङ्ग्रेजी साहित्यका फ्रान्सिस बेकन, चार्ल्स ल्यासजस्ता १५ जना गद्य लेखकका निबन्धको चयन गरी विसं १९९७ मा 'प्रसिद्ध प्रबन्ध सङ्ग्रह' प्रकाशित गरेका थिए । चरम आर्थिक अभाव र पारिवारिक वियोगसँगै राजनीतिक सक्रियताका बीच पनि उच्चस्तरका साहित्य नेपाल र नेपालीलाई प्रदान गर्नु देवकोटाको साहित्यिक विशेषता हो ।

## लेनिन...

प्रहार र त्यसलाई तोडमरोड गर्ने चिन्तनका विरुद्ध लेनिनले कडा संघर्ष चलाउनु भएको थियो । दार्शनिक फाँटमा लेनिनले संशोधनवादको डटेर विरोध गर्नुभएको थियो ।

दार्शनिक क्षेत्रमा सर्वप्रथम लेनिनले बर्नस्टाइन लगायतका संशोधनवादीहरूमा पाइने नवकाण्टवाद, अज्ञेयवाद, आदर्शवाद, द्वैतवाद र अधिभूतवादको विरोध गर्नुभएको थियो । लेनिनले बर्नस्टाइन र उनका चेलाहरूको गैरमार्क्सवादी चिन्तनमाथि कडा प्रहार गर्नुभएको थियो ।

सन १९०५ को रुसको असफल क्रान्ति पश्चात् रुसको दार्शनिक फाँटमा जवकान्टवाद, नवप्रत्यक्षवाद लगायतका प्रवृत्तिका रूपमा आदर्शवादले जबर्जस्त रूपमा टाउको उठाााएको थियो । त्यो बेला प्रकृति विज्ञानमा भएका खोजहरूलाई नकारात्मक रूपमा पेश गर्दै आदर्शवादीहरू पदार्थको लोप भयो, भौतिकवाद अस्तित्वविहिन बन्यो पदार्थ र गति एकअर्काबाट अलगिए भन्दै चिच्याउन थाले । उनीहरूले भौतिक विज्ञानमा भएको इलेक्ट्रोनको खोजलाई बङ्ग्याउने काम गरेका थिए । त्यस स्थितिमा लेनिनले ' भौतिकवाद तथा अनुभवसिध्द आलोचना ' ( सन १९०८) जस्तो अत्यन्तै महत्वपूर्ण कृति लेख्नु भयो । र, परमनणुलाई अविभाज्य मानिदै आएको स्थितिमा इलेक्ट्रोनको खोजले भौतिकवादमा आधारित परमाणुको मान्यतामाथि गंभीर प्रकारको आशंका पैदा भएको बेला लेनिनले ज्ञानको द्वन्द्वात्मक भौतिकवादी सिध्दान्तको विषदरूपमा विवेचना गर्नु भयो । लेनिनले द्वन्द्वात्मक भौतिकवादी ज्ञान- सिध्दान्तलाई नयाँ उँचाई प्रदान गर्नु भयो । यसरी नै लेनिनले दार्शनिक फाँटमा आदर्शवाद तथा भौतिकवादका बीचको पक्षधरताो मान्यतालाई पनि विकसित तुल्याउनु भयो र तमाम प्रकारका द्वैतवाद तथा तटस्थतावादको ध्वज्जी उडाउनु भएको थियो ।

लेनिनले भौतिकवादी द्वन्द्ववादको पनि विशद अध्ययन गर्नु भयो ।यस सन्दर्भमा वहाँको ' दार्शनिक नोटबुक ' विशेष उल्लेखनीय छ । सो कृतिमा लेनिनले एकातिर हेगलीय तर्कशास्त्र तथा द्वन्द्ववादको गहिरो समीक्षा गर्नुभएको छ भने अर्कोतिर द्वन्द्ववादका मू मान्यता एवम् विपरीतहरूको एकत्वको नियमलाई नयाँ ढंगले विकसित तुल्याउनु भएको छ ।

साथै लेनिनले आफ्नो प्रसिद्ध ' दार्शनिक नोटबुक ' मा दर्शनशास्त्रको इतिहासको विवेचना पनि गर्नुभएको छ । लेनिनको यो ' दार्शनिक नोटबुक ' इतिहासमा दर्शनका विविध धारा र प्रवृत्तिलाई अध्ययन गर्ने गहन, वैज्ञानिक र सारगर्भित सामाग्री हो ।

लेनिनले भौतिकवाद र अनुभवसिध्द आलोचना (१९०८ ), मार्क्सवादका तीन श्रोत र तीन संघटक अंग ( १९१३ ), दार्शनिक नोटबुक ( १९१४ - १९१६ ), जुझारु भौतिकवादको महत्व ( १९२३ ) आदि दार्शनिक कृतिहरू लेख्नु भै लेनिनले दर्शनका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएको छ ।

राजनीतिक अर्थशास्त्रको क्षेत्रमा योगदान

लेनिनले राजनीतिक अर्थशास्त्रको क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएको छ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा लेनिनको युगान्तकारी भनेको साम्राज्यवादको विश्लेषण हो । लेनिनले पुँजीवादमा विकासलाई विश्लेषण गर्दै के कुरा बताउनु भएको छ भने साम्राज्यवाद भनेको एकाधिकार पुँजीवाद हो ।

लेनिनले साम्राज्यवादलाई पुँजीवादको उच्चतम चरण मात्र होइन, ह्रासशील मरणोन्मुख पनि बताउनु भएको छ । साम्राज्यवादको विश्लेषण गर्दै भन्नुभएको छ, ' साम्राज्यवाद समाजवादी क्रान्तिको पूर्वबेला हो 'लेनिनले रुसमा पुँजीवादको विकास ( सन १८९९ ), साम्राज्यवाद : पुँजीवादो चरम अवस्था ( सन १९१६ ), सर्वहारा अधिनायकत्वको युगमा अर्थनीति र राजनीति ( सन १९१९ ), सहकारी व्यवस्थाबारे ( सन १९२३ ) र जनताका मित्र के हुन् ? आर्थिक स्वच्छन्दतावाद जस्ता आर्थिक कृतिहरू लेख्नु भै राजनीतिक अर्थशास्त्रका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएको छ ।

***वैज्ञानिक समाजको क्षेत्रमा योगदान***

लेनिनले वैज्ञानिक समाजवादको क्षेत्रलाई अत्यन्तै समृद्ध र विकसित तुल्याउनु भएको छ । क्रान्तिमा सिध्दान्तको महत्व, सिध्दान्तलाई क्रान्तिको उद्श्ये, कार्यक्रम तथा नीतिशीत जोड्ने र त्यसलाई पार्टी मार्फत् निर्धारण एवम् कार्यान्वयन गर्ने काम आदि विषयलाई उहाँले अत्यन्तै सटिक तथा सारगर्भित रूपमा विवेचना गर्नुभएको छ ।

लेनिनले सर्वहारा वर्गको पार्टीद्वारा क्रान्तिको उद्श्ये, कार्यक्रम र नीति निर्धारण गर्ने कार्यमा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई दृढतापूर्वक अवलम्बन गरी तदनुसार सम्बन्धित समाज र त्यसको विश्वसितको सम्बन्धबारे वस्तुपरक विवेचना गर्ने कुरामा विशेष जोड दिनुभएको छ ।

के वैज्ञानिक समाजवादी क्रान्ति एउटा देशमा सम्भव छ ? यस प्रश्नको जवाफमा लेनिनले साम्राज्यवादको गहन विश्लेषण गरि त्यसको कम्जोर कडीलाई समात्नु पर्ने कुरा बताउनु भै उहाँले मार्क्स - एंगेल्सद्वारा प्रतिपादित केही वा धेरै देशमा समाजवादी क्रान्ति सम्पन्न हुने भन्ने मान्यतालाई परिवर्तित गर्नु भयो र त्यसलाई सन १९१७ मा आफ्नै नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरि त्यसलाई रुसी धर्तीमा प्रयोग गरि प्रमाणित तुल्याउनु भयो ।

लेनिनले नयाँ ढंगको पार्टी निर्माणको अवधारणा विकसित गर्नु भयो । क्रान्ति हुनुछ भने क्रान्तिकारी सिध्दान्त र क्रान्तिकारी कम्युनिस्ट पार्टी आवश्यक हुन्छ भन्ने कुरा पनि मार्क्सवादलाई विकसित तुल्याउने क्रममा लेनिनवादको प्रतिपादन गर्नुका साथै रुसी कम्युनिस्ट पार्टी ( बोल्सेविक ) को निर्माण गरेर त्यसकै पहलमा सन १८१७ मा महान् अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गरेर विश्व जनतालाई ठूलो ज्ञान दिलाउनु भयो ।

लेनिनले वैज्ञानिक समाजवादको राजनीतिक सिध्दान्त, रणनीति र कार्यनीतिका साथै फौजी सिध्दान्त र कार्यनीतिको क्षेत्रमा पनि विशेष ध्यान दिदै आउनु भएको थियो । यस सन्दर्भमा वहाँका 'सशस्त्र सेना तथा क्रान्ति', 'छापामार युध्द', युध्दप्रिय सैन्यवाद तथा सामाजिक जनवादको सैन्यवाद विरोधी कार्यनीति', 'हतियार र पुँजीवाद' लगायतका लेखहरू अत्यन्तै ठूलो योगदान गर्नुभएको छ ।

फौजी विज्ञानका क्षेत्रमा लेनिनले एकातिर मार्क्स - एंगेल्सद्वारा प्रतिपनदित सशस्त्र विद्रोहलाई कलाका रूपमा प्रस्तुत गरिएको मार्क्सवादी मान्यतालाई राम्रोसित आत्मसात गर्नुभएको थियो भने अर्कोतिर साम्राज्यवादको उदय तथा विकाससित युध्दको सन्दर्भलाई जोड्दै क्रान्तिकारी सेना, हतियार, युध्दकलाको विकास जस्ता प्रश्नमा विशेष अध्ययन तथा तयारीमा जोड दिनुभएको थियो ।

लेनिनले रुसमा सन १९०५ र १९१७ को फरवरी क्रान्तिको अनुभवलाई संश्लेषित गर्दै अक्टोबर क्रान्तिका ठोस रणनीतिक तथा कार्यनीतिक योजना बनाउनु भएको थियो । साथै लेनिनले सेना निर्माणको प्रश्नमा मजदुरहरूका स- सना दस्ताहरू बनाउने र सत्ताधारी वर्गकै सेनाका बीचमा सोभियतहरूको निर्माण गर्ने काममा जोड दिनु भयो । लेनिनद्वारा अक्टोबर क्रान्तिमा नियमित युध्दको साथमा छापामार युध्दको कार्यनीतिक भूमिका रहने मान्यता पनि अवलम्बन गरिएको थियो ।

साथै राजनीतिक रूपमा सारा सत्ता सोभियतहरूको हातमा र फौजी रूपमा सशस्त्र जनविद्रोहको कार्यदिशाका बीच सामन्जस्य कायम गरिएको थियो, जसले महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न गर्ने काममा प्रयोग गरिएको थियो ।

लेनिनले के गर्ने ? (१९०१ - १९०२ ), एक पाइला अघि दुई पाइला पछि ( १९०४ ), जनवादी क्रान्तिमा सामाजिक जनवादका दुई कार्यनीति (१९०५), क्रान्तिकारी पार्टी र क्रान्तिकारी सेना ( १९०५ ), मार्क्सवाद र संशोधनवाद ( १९०८ ), समाजवाद र युध्द ( १९१६ ), समाजवादी क्रान्ति र जातिहरूको आत्मनिर्णयको अधिकार ( १९१६ ), सर्वहारा वर्गको सैन्य कार्यक्रम ( १९१६ ), युध्द र क्रान्ति ( १९१७ ), राज्य र क्रान्ति ( १९१७ ), मार्क्सवाद र विद्रोह ( १९१७ ), अप्रिल थेसिस ( १९१७ ), सर्वहारा क्रान्ति र गध्दार काउत्स्की ( १९२० ), वामपन्थी साम्यवाद : एक बालरोग ( १९२० ) जस्ता गहन कृतिहरू लेखेर लेनिनले वैज्ञानिक समाजवादका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएको छ ।

***संशोधनवादको विरोधको क्षेत्रमा योगदान***

लेनिनले क्रान्तिका लागि प्रतिक्रियावादीको मात्र होइन, संशोधनवादको घोर विरोध गर्नु भएको छ र लेनिनवादको विकास यसै संघर्षका बीचबाट भएको हो । संशोधनवादले मार्क्सवादको तोडमरोड तथा अपव्याख्या गर्दछ ।द्वन्द्वात्मक भौतिकवादको विरोधमा अधिभूतवाद र आदर्शवादलाई पच्छ्याउनु, वर्गसंघर्षको ठाउँमा वर्गसमन्वयको पक्षपोषण गर्नु, बलप्रयोगको सिध्दान्तका विरुद्ध शान्तिपूर्ण संसदीय बाटो पकड्नु र सर्वहारा वर्गको अधिनायकत्वको विरोधमा विशुद्ध जनवादको वकालत गर्नु संशोधनवादका मूल विशेषता हुन् ।

तसर्थ संशोधनवाद विभिन्न रूपमा प्रकट हुने गर्दछ। जस्तो दक्षिणपन्थी, उग्रवामपन्थी र मध्यपन्थी ।दक्षिणपन्थी संशोधनवाद सुधारवादी धारा हो । यसले मन्त्रीमण्डलवाद र संसदवादलाई आदर्श मानेर चल्दछ ।उग्रवामपन्थीहरू कुनै बेला चर्को क्रान्तिकारी कुरा गरे पनि अन्ततः दक्षिणपन्थी अवसरवादकै बाटो पकड्छन् । मध्यपन्थी संशोधनवाद कुनै खास बेलामा दक्षिणपन्थी र मार्क्सवादी धाराका बीचमा डोलायमान भए पनि अन्ततः दक्षिणपन्थी संशोधनवादलाई नै अंगाल्न पुग्दछ। लेनिनले यिनै तीनै थरी संशोधनवादको विरोध र खण्डन गर्नुभएको छ ।

लेनिनले बर्नस्टिनवाद, मन्त्रीमण्डलवाद, अर्थवाद, कानुनी मार्क्सवाद, मेन्सेविक सुधारवाद, विसर्जनवाद, काउत्स्कीवाद सहित विविध धारा र प्रवृत्तिका विरुद्ध कडा विचारधारात्मक संघर्ष चलाउनु भएको थियो । र लेनिनले साम्राज्यवाद र संशोधनवाद बीच घनिष्ट सम्बन्ध भएको कुरा बताउनु भएको छ ।

लेनिनले क्रान्तिकारी कम्युनिस्ट पार्टीमा फुट हुनुका पछाडि साम्राज्यवादको हात रहेको कुरा निकै स्पस्टतनका साथ उल्लेख गर्नुभएको छ र सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणका लागि संशोधनवादीहरूसित सम्बन्धविच्छेद गर्नुपर्ने र पार्टी भित्रका संशोधनवादीहरूलाई अटाउनु पर्ने कुरामा विशेष जोड दिनु भएको छ ।

विश्व कम्युनिस्ट आन्दोलनमा संशोधनवादको एउटा विचित्र विशेषता देखा पर्दै आएको छ । त्यो हो - मार्क्सवाद परित्याग गरे पनि मार्क्सवादको साइनबोर्ड झुन्ड्याउनु । जो नेपालका नामधारी कम्युनिस्टहरू ( एमाले, माके लगायतका ) ले मार्क्सवादलाई परित्याग गरि सकेपछि पनि मार्क्सवादको साइनबोर्ड झुन्ड्याई रहेका छन् र जनतालाई झुक्याउने काम गर्दै आएका छन् । यस प्रकारका नक्कली कम्युनिस्टहरूको लेनिनले घोर विरोध र भण्डाफोर गर्नुभएको छ ।

***महान् लेनिन र अक्टोबर क्रान्तिको शिक्षा***

महान् लेनिन र लेनिनवाद तथा अक्टोबर क्रान्तिकाबारेमा अध्ययन गर्ने क्रममा हामी क्रान्तिकारी कम्युनिस्टहरूले एकातिर इतिहासबाट शिक्षा लिनु पर्दछ भने अर्कोतिर आफ्ना कार्यभारमाथि विशेष ध्यान दिन जसरी हुन्छ ।

पहिलो कुरा- हामीले क्रान्तिको द्वन्द्ववादलाई कडाइका साथ पकड्नु पर्ने हुन्छ। क्रान्ति सरल रेखाबाट होइन, बक्ररेखामा द्वन्द्वात्मक ढंगले अनेकौं आरोह र अबरोहकाबीचबाट अगाडि बढ्छ ।

साथै अर्को शिक्षा के हो भने क्रान्ति पश्चात् प्रतिक्रान्तिको सम्भावना भइरन्छ र सर्वहारा क्रान्तिको अन्तिम विजयका निम्ति सिंगो ऐतिहासिक युगको आवश्यकता पर्दछ ।

दोस्रो कुरा - निम्न पुँजीवादी प्रवृत्तिको प्रश्न । निम्न पुँजीवादी मनोवृत्ति हमेशा ढुलमुल हुने गर्दछ । क्रान्ति विजयतर्फ उन्मुख भएको बेला निम्न पुँजीपति वर्ग क्रान्तितर्फ र पराजित भएको बेला प्रतिक्रान्तितर्फ डोलायमान हुने गर्दछ । यो कुरा वर्तमान विश्व र हाम्रो देश नेपालको सन्दर्भमा पनि राम्रोसित लागू भइरहेको छ ।

तेस्रो कुरा - कथित नयाँ बन्ने सन्दर्भको प्रश्न । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि नयाँ बन्ने धुन चलेको देखिन्छ ।

यस प्रकारका नयाँ नयाँ बन्न खोज्नेहरूले मार्क्स - लेनिन र माओका प्रस्थनपनाहरूलाई नै धेरै पछाडि पारिसकेका छन् । यसप्रकारका प्रवृत्ति भएकाहरूबाट अब पुरानैमा टाँसिएर बस्नु हुँदैन, सिध्दान्तको सिर्जनात्मक विकास गर्नुपर्छ भन्ने कुरालाई निकै आकर्षक रूपमा परस्तुत गरिरहेका देखिन्छन् । चौतर्फी रूपमा कथित पुरातनपन्थ, रुढीबादी र जडसूत्रवादको धज्जी उडाइन्छ, तर अन्त्यमा त्यो ' नयाँ वा सिर्जनात्मकता ' प्रतिक्रियावादको सेवामा समर्पण हुन पुग्छ ।

नेपालको कुरा गर्ने हो भने विगतका एमालेहरू र अहिलेका प्रचण्ड - बावुरामहरूमा यसप्रकारको नयाँ बन्ने धुनको अन्तिम परिणति पनि प्रतिक्रियावादमा पतन हुन पुग्यो । क्रान्तिकारीहरूले क्रान्तिका लागि पुरातनपन्थ, रुढीबाद र जडसूत्रवादको दृढतापूर्वक विरोध गर्नैपर्छ । तर त्यो विरोध अनुभववादी, दक्षिणपन्थी संशोधनवादी, प्रतिक्रियावादी कोणबाट होइन, मार्क्सवादी ( मालेमावादी ) कोणबाट हुन्छ ।महान् लेनिनले मार्क्सवादी कोणबाट सिध्दान्तको विकासको प्रक्रियामा जडसूत्रवाद तथा अनुभववादको सशक्त विरोधको आधारमा गर्नुभएको थियो ।

चौथो कुरा - लोकतान्त्रिक गणतन्त्र र मन्त्रीमण्डलवादका सन्दर्भमा । बीसौं शताब्दी र एकाइसौं शताब्दीको प्रारम्भको अवधिसम्म पनि सिंगो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा लोकतान्त्रिक गणतन्त्र र मन्त्रीमण्डलवादको ' भूत ' ले असाध्यै तर्साउने काम गर्यो र अहिले नेपालमा यसले निकै तर्साइरको छ । कम्युनिस्टहरूले सामन्तवादका विरुद्ध संघर्षमा एउटा अबधिमा लोकतान्त्रिक गणतन्त्र स्वीकार गरेका थिए। तर पुँजीवादले साम्राज्यवादको रूप लिइसकेपछि त्यसलाई अस्वीकार गर्ने क्रममा लेनिन स्वयंले लोकतान्त्रिक गणतन्त्रका विरुद्ध सोभियत गणतन्त्रको नारा अगाडि सार्नु भएको थियो ।जनवादी गणतन्त्र अर्थात् लोकतान्त्रिक गणतन्त्र पुरानो पुँजीवादी क्रान्तिको बुर्जुवा संसदीय व्यवस्थाको एउटा प्रमुख रूप हो। दोस्रो विश्वयुध्द र रुसी अक्टोबर समाजवादी क्रान्ति पश्चात् लोकतान्त्रिक गणतन्त्र तथा बुर्जुवा संसदीय गणतन्त्रको युग समाप्त भएको र सर्वहारा समाजवादी क्रान्तिको नयाँ युग प्रारम्भ भयो ।

अविकसित मुलुकहरूमा हुने पुँजीवादी जनवादी क्रान्ति वैज्ञानिक समाजवादी क्रान्तिका अंग बन्न गए । आफूलाई कम्युनिस्ट भनाउनेहरू नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिनुलाई लाजै नमानी नयाँ नयाँ अध्यायको थालनी भन्न पुगेका छन् र राजनीतिक क्रान्ति सम्पन्न भयो, अब आर्थिक क्रान्ति गर्नुपर्ने कुरा उरालिरहेका छन् । यो नै सैध्दान्तिक तथा राजनीतिक पतनको प्राकाष्ठा हो ।

अहिले मन्त्रीमण्डलवादको प्रश्न नेपालमा अत्यन्तै खतर्नाक ढंगले नेपाली जनताको सामुन्ने खडा भएको छ । फरवरी क्रान्ति पश्चात् रुसमा समाजवादी क्रान्तिहरू र मेन्सेविकिहरू प्रतिक्रियावादी बुर्जुवा मन्त्रीमण्डलमन सरिक भएका थिए र तिनीहरूलाई लेनिनले बुर्जुवा वर्गका एजेन्ट र गोटी कठपुतली बताउनु भएको थियो । हो, आज नेपालमा पनि यस्तै ढंगका कम्युनिस्ट नामधारी नयाँ कठपुतली जन्मिरहेका छन् ।

पाचौं कुरा - क्रान्तिको तयारीको प्रश्न ज्यादै महत्वपूर्ण प्रश्न हो । सवाल के हो भने रुसमा सन १९०५ र २९१७ को फरवरी र अक्टोबरमा जु क्रान्ति भए, ती लेनिनको नेतृत्वमा गरिएका सचेत योजनाबध्द, सैध्दान्तिक, राजनीतिक, फौजी तयारीका परिणाम थिए । यस सन्दर्भमा लेनिनले संवतः स्फूर्तवाद, कानुनी मार्क्सवाद, अर्थवाद,विसर्जनवाद, मेन्सेविकवाद तथा मन्त्रमण्डलवादका विरुद्ध निर्मम विचारधारात्मक संघर्ष चलाउनु भएको थियो भने अर्कोतिर पुँजीवादको साम्राज्यवादमा पतन, साम्राज्यवाद र युध्द र साम्राज्यवाद तथा अवसरवादसितको सम्बन्ध लगायतका विषयमा गहन अध्ययन एवम् संश्लेषण गर्नु भएको थियो । क्रान्तिको तयारबारे क्रान्तिकारी कम्युनिस्टहरूले लेनिनबाट राम्रोसंग सिक्न जरुरी छ । नेपालमा नयाँ जनवाद हुँदै समाजवाद तथा साम्यवादतर्फ अगाडि बढ्ने क्रान्तिका ऐतिहासिक कार्यभारहरूलाई अत्यन्तै जिम्मेवारीबोधका सात संवहन गर्न जसरी छ ।

छौंठौं कुरा - कम्युनिस्ट अन्तर्राष्ट्रिय गठनको प्रश्न । यो प्रश्न ज्यादै महत्वपूर्ण प्रश्न हो । विश्व सर्वहारा क्रान्तिका लागि कम्युनिस्ट अन्तर्राष्ट्रियको गठन एक अनिवार्य आवश्यकता बन्न गएको छ । यसबारेमा मार्क्स - एंगेल्स पश्चात् लेनिनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । लेनिनले पहिलो विश्वयुध्दकै सेरोफेरोमा दोस्रो अन्तर्राष्ट्रियमा विद्यमान दक्षिणपन्थी संशोधनवादका विरुद्ध संघर्ष चलाउदै तेस्रो अन्तर्राष्ट्रियको तयारी र अक्टोबर समाजवादीको लगत्तै तेस्रो अन्तर्राष्ट्रिय गठन गर्नुभएको थियो । दोस्रो विश्व युध्दको समयमा सन १९४३ मा स्टालिनद्वारा तेस्रो अन्तर्राष्ट्रियको विघटन गरिएको थियो र पछि सन १९४७ मा स्टालिनले कोमिन्फर्मको गठन गर्नुभएको थियो । त्यो अगाडि बढेन । कमरेड माओले अन्तर्राष्ट्रियलाई अगाडि बढाउन पहल गर्नु भएन ।

सन १९७६ सेप्टेम्बर ९ मा कमरेड माओको निधन पश्चात् क्रान्तिकारीहरूद्वारा कम्युनिस्ट अन्तर्राष्ट्रिय गठनको पहल भइने रहयो । सन १९८४ मा क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन ( रिम ) को गठन भयो । त्यसले मार्क्सवाद - लेनिनवाद - माओवादलाई पथप्रदर्शक सिध्दान्त बनायो । तर अहिले रिमको पनि विघटन भएको अवस्था छ । यस परिस्थितिमा कम्युनिस्ट अन्तर्राष्ट्रियको गठन अपरिहार्य आवश्यकता बन्न पुगेको छ । र नेपाल, भारत, फिलिपिन्स, अफगानिस्तान, टर्की, जर्मनी, फ्रान्स, बेल्जियम, नेदरल्यान्ड, पेरु, भेनेजुयला लगायतका माओवादी कम्युनिस्ट क्रान्तिकारीहरूले क्रान्तिकारी कम्युनिस्ट अन्तर्राष्ट्रिय केन्द्रको निर्माण गर्ने पहल भइरहेको अवस्था छ ।

***निचोड***

महान् अक्टोबर समाजवादी क्रान्तिका एक युगान्तकारी परिघटना थियो, जसले पुँजीपतिवर्गको हातबाट सत्ता खोसेर सर्वहारा वर्गको हातमा पुर्याएको थियो । त्यसपछि नयाँ युगको सूत्रपात गरेको थियो ।

महान् लेनिन र लेनिनवादसित जोडिएकोले र सर्वहारा वर्गले पहिलोपटक आफ्नो वर्गीय

*बाँकी ७ पेजमा*

## लेनिन...

अधिनायकत्व प्राप्त गरेको परिघटना भएकोले महान् रुसी अक्टोबर समाजवादी क्रान्ति अन्तर्राष्ट्रिय सर्वहारा वर्गको एक आदर्श बन्न गएको छ। महान् लेनिन र लेनिनवाद तथा महान् अक्टोबर समाजवादी क्रान्तिका शिक्षाहरू सधैं अमर र अजर रहनेछन् ।

## पर्यावरणीय...

डढेलोसँग संघर्ष गर्न र स्थानीय आदिवासी समुदायलाई सघाउनका लागि खर्च गरिने जनाइएको छ। २८ देशले खाद्य पदार्थ तथा पाम तेल, सोया र कोकाजस्ता अन्य कृषिजन्य वस्तुको व्यापारमा वन विनाश हटाउने वाचा गरेका बीबीसीले जनाएको छ। त्यस्ता सामग्री उत्पादन गर्नका लागि रूख काटेर पशुपालन वा खेती गर्दा वन विनाश बढ्ने गरेको छ।

त्यसैगरी, विश्वका ३० भन्दा बढी ठूला कम्पनीले वन विनाशलाई प्रश्रय दिने गतिविधिमा लगानी नगर्ने वाचा गरेका छन्। सम्झौताको रकममध्ये १.५ अर्ब डलर कंगो बेसिनमा अवस्थित विश्वको दोस्रो ठूलो उष्ण प्रदेशीय वर्षावन संरक्षण गर्न खर्च गरिने जनाइएको छ।

सहमतिमा हस्ताक्षर गर्ने देशहरूमध्ये इन्डोनेसियाले सबैभन्दा बढी पाम तेल निर्यात गर्छ। यो तेल बिस्कुटदेखि सेम्पुसम्म प्रयोग हुन्छ। रुसको वन क्षेत्रले वार्षिक १ अर्ब ५० करोड टन कार्बन सोस्ने गर्छ। पृथ्वीका रूखमध्ये २० प्रतिशत रुसमा मात्रै छन् ।

ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोको शासनकालमा पृथ्वीको सबैभन्दा ठूलो वर्षावन एमजनको फडानी हुने क्रम तीव्र बनेको छ। २०२० मा एमजन वन क्षेत्र १२ वर्षयताकै बढी फँडानी भएको छ। तर यसको कार्यान्वयनका लागि बोल्सोनारो इमान्दार हुनुपर्ने देखिन्छ। सन् २०१४ मा वन फँडानी रोक्ने प्रतिबद्धताका लागि आयोजना गरिएको कार्यक्रममा ब्राजिल र चीनले सहभागिता जनाएनन् ।

## अमेरिकी...

अफ डिफेन्स कर्पोरेसन' प्रमुखसहित नेपाली सेनाका उच्च अधिकारीहरूको उपस्थिती रहेको थियो। नेपाली सेनाको खोज तथा उद्धार कार्यमा सहभागी हुने फौजहरू मध्येबाट करिब ५० जना र अमेरिकी सेनाका करिब २० जना सम्मिलित उक्त अभ्यास मंसिर १४ गते सकिने छ।

उक्त संयुक्त तालिम काठमाडौं, पोखरा र अन्नपूर्ण बेसक्याम्प इलाकामा सञ्चालन हुनेछ। 'यस तालिममा जल उद्धार र उच्च पहाडी तथा हिमाली क्षेत्रमा खोज तथा उद्धार जस्ता विषयहरूको सैद्धान्तिक र व्यावहारिक ज्ञान दिलाउने उद्देश्य रहेको छ,' सेनाले विज्ञप्तीमा उल्लेख गरेको छ। काठमाडौं, पोखरा र अन्नपूर्ण बेसक्याम्प इलाकामा मंसिर १४ गतेसम्म तालिम सञ्चालन हुनेछ।

सेनाकाअनुसार उक्त तालिमले दुवै देशका विपद् व्यवस्थापन कार्यमा संलग्न रहने फौजहरूमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा गरिने खोज तथा उद्धार सम्बन्धि सैद्धान्तिक तथा व्यवहारिक क्षमता अभिवृद्धि हुनुको साथै दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास छ।

अमेरिकी सेनाको विशेष फौजसँग माओवादी जनयुद्ध कालदेखि नै नेपाली सेनाले सहकार्य गरे पनि संयुक्त सैनिक अभ्यासका रूपमा सन् २०१५ देखि 'ब्यालेन्स नेल' र 'टेकनेल' लाई अघि बढाएको हो।

भारतीय सेना र नेपाली सेना बीचमा प्रतिविद्रोह र जंगलकलामा अभ्यास हुन्छ। जंगलकला सम्बन्धी विविध कलाको अभ्यास गरिन्छ। अमेरिकासँग विपद् व्यवस्थापन सम्बन्धी तालिम हुन्छ। चीनसँग प्रतिआतंकवाद तथा विपद् व्यवस्थापन तालिम हुन्छ। अन्य मुलुकले नेपालमा पनि आएर अभ्यास गर्ने भएपनि बेलायतले भने नेपाली सैनिकलाई उतै बोलाएर संयुक्त अभ्यास गर्दै आइरहेको छ।

सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले कोभिड-१९ का कारण रोकिएका सैनिक अभ्यास, तालिम, सेमिनार र अन्य गतिविधिहरूलाई अब अघि बढाउन लागेको कान्तिपुरलाई जानकारी दिए। उनले भारतसँग संयुक्त सैनिक अभ्यास भइसकेको, अमेरिकासँग थालनी भएको र चीनसँग सहकार्य मिति तय गर्ने सम्बन्धमा गृहकार्य भइरहेको प्रष्ट पारे। बेलायतसँग भने यसपटक पनि तालिम नहुने भएको उनले जानकारी दिए।

नेपालले सन् २०११ देखि भारतसँग नेपाल-भारत 'सूर्यकिरण' संयुक्त सैनिक अभ्यास सुरुवात गरेको हो। जुन एक वर्षमा एक पटक नेपाल र अर्को पटक भारतमा गरि दुई पटक हुँदै आइरहेको थियो। तर कोभिड-१९ को संक्रमणको कारण संयुक्त तालिम रोकिएको थियो।

## भारतीय...

उसोभए हामीले अघिसार्नु पर्ने आधारहरू के के हुन त ? ती आधारहरू हुन यस युगका विशेषताहरू। यी विशेषताहरू भारतीय विस्तारवादको प्रतिगामीता र समर्थनको अभाव तथा नेपालको प्रगतिशिलता र समर्थनको प्रचुरताको रूपमा ठोस रूपले प्रतिविम्वित भएका छन्।

हामीले उथान गर्न लागिरहेको युद्ध एउटा मामुली र साधारण युद्ध होइन बरु यो त २१ औं शताब्दीको भारतीय विस्तारवादी आक्रमण र तिनका दलाल राज्यसत्ता बीच चल्ने एउटा विशिष्ट किसिमको युद्ध हो अर्थात निःशस्त्र र सशस्त्र युद्ध हो। सर्वप्रथम, हाम्रो मित्रताको नाउँका शत्रु भारतीय विस्तारवाद एउटा मरणासन्न विस्तारवादी शक्ति हो : यो आफ्नो पटनको युगमा पुगिसकेको छ (आफ्नो पटनको खाल्टो आफैले खन्दै आएको छ) यसलाई सही अर्थमा यसो भन्न सकिन्छ, शत्रुले आफ्नो अन्तिम छटपटिको संघर्षको रूपमा यो दुस्साहसवादी विषादि युद्ध छेड्नुको गाँठी कारण यही हो। त्यसकारण यस युद्धको परिणाम स्वरूप नेपालको होइन तर भारतीय विस्तारवादका शासक गुटहरूको बिनास हुने कुरा एउटा अनिवार्य निश्चितता हो। अर्को कुरा, भारतीय विस्तारवादले यो युद्ध त्यस्तो बखत छेडेको छ जब उन्कै छिमेकी अरु देशहरू अज्झ यसो भन्दा फरक नपर्ला दक्षिण पूर्वी एसियाली देशहरूमा उसले छर्दै गरेको विस्तारवादी आक्रमण लाड्ने दुसप्रयारमा लागेका छन् र हामीहरू सबै त्यो देशद्रोही व्यवस्था र विस्तारवादी बर्बर आक्रमण विरुद्ध एकसाथ लड्दै छौँ वा लड्ने तयारी गर्दैछौँ। त्यसैले नेपालको भाग्य संसारका धेरैजसो देशहरू र जनताहरूको भाग्यसँग गाँसेको छ।

नेपालको स्थिति कस्तो छनि ? आजको नेपाललाई अरु कुनै पनि ऐतिहासिक कालको नेपालसँग दाँज्न सकिन्दैन। तर दलाल नोकरशाही पूँजीवादी अर्ध-औपनिवेशिक,नव-औपनिवेशिकतथा अर्ध-सामन्ति समाज हो, त्यसैले नेपाललाई कमजोर देश ठानिन्छ। तर यसको साथसाथै नेपाल ऐतिहासिक दृष्टिले प्रगतिशिल युगमा छ, नेपालका नेपालीहरूसँग भारतीय विस्तारवादलाई हराउने क्षमता हुनुको मुख्यकारण यही हो। भारतीय विस्तारवाद विरोधी प्रतिरोध तथा जनयुद्ध प्रगतिशिल छ भनेर हामीले परम्परागत सामान्य अर्थमा प्रगतिशिल भन्न खोजेको होइन, यस प्रगतिशिलतालाई हामी आजको नेपालको प्रगतिशिलताको अर्थमा बुझ्छौं।

आजको नेपाल किन प्रगतिशिल छ त ? नेपाल प्रगतिशिल छ किनभने अब उ पूर्ण सामन्ति देशको अवस्थामा छैन, नेपालमा राष्ट्रिय पूँजीवादको विकास भइनसकेको भएतापनि दलाल नोकरशाही पूँजीवादको बोलवाला छ तरपनि नेपालमा पूँजीपति वर्ग र सर्वहारा वर्ग विद्यमान छन्, नेपालका थुप्रै मानिसहरू युगौं देखि जरागाडेर बसेको सामन्तवादी राजतन्त्र फालेर ब्युँझीसकेका छन्, वा ब्युँझिन्दै छन्। नेपालमा एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टी छ र हामीसँग थुप्रै दशकको क्रान्तिको परम्परा र अनुभव छ, र विशेष गरेर नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएपछिका सतरि वर्षको अनुभव हामीसँग छ। यस अनुभवले नेपाली जनता र राजनैतिक पार्टीहरूलाई शिक्षित तुल्याएको छ र यो अनुभव नै भारतीय विस्तारवाद विरोधी वर्तमान एकताको आधार पनि हो।

अन्तिम घडीसम्म प्रतिरोध र जनयुद्ध चलाएर मात्र अन्तिम घडीसम्म एकता कायम राख्न सकिन्छ र अन्तिम घडीसम्म एकता कायम राखेर मात्र अन्तिम घडीसम्म प्रतिरोध र जनयुद्ध चलाउन सकिन्छ भन्ने कुरा गहन रूपले क्रान्तिकारी कम्युनिष्टहरूले बुझ्नु जरुरी छ। त्यसकारण कम्युनिष्टहरूले प्रतिरोध, जनयुद्ध तथा एकताका दुवै कुराका असल उदाहरण अघी सार्नुपर्दछ। शत्रुहरू र कट्टर आत्म-समर्पणवादीहरू तथा कम्युनिष्ट विरोधीहरू मात्र हाम्रो विरोधका निशाना हुन्, अरु सबैसँग हामीले भित्र दिलैदेखि एकतावद्ध हुनुपर्दछ। कट्टर आत्म-समर्पणवादीहरू र कम्युनिष्ट विरोधीहरू सबै ठाउँमा अल्प-संख्यामा मात्र रहेका छन् वास्तवमा, यी आत्म-समर्पणवादीहरू र कम्युनिष्ट विरोधीहरूलाई हामी बाँकी राख्नेछैनौं, किनभने तिनलाई बाँकी राख्नु भनेको तिनलाई प्रतिरोध र जनयुद्धको घाँटी निमोठ्न र एकतालाई चकनाचुर पार्न दिनु हो। हामीले आत्म-समर्पणवादीहरूको दृढतासाथ विरोध गर्नैपर्छ आत्मरक्षाको निम्ति, कम्युनिष्ट विरोधी तत्वहरूका आक्रमणहरूलाई दृढतासाथ जवाफ दिनैपर्छ। यसो गर्न चुक्नु दक्षिणपन्थि अवसरवाद हुनेछ र एकता र प्रतिरोध तथा जनयुद्धलाई हानी पुऱ्याउनु हुनेछ।

कम्युनिष्टहरूले के कुरा बुझ्नैपर्छ भने हामीले भारतीय विस्तारवादी र जन विरोधी सत्तासिनहरू विरोधी राष्ट्रिय संयुक्त मोर्चाको थालनी जुन गर्न गईराखेकाछौं त्यसलाई विचैमा अलपत्र पारेर छोड्नु हुँदैन र यसलाई कायमै राखेर अगाडि बढ्नै पर्छ। हाल राष्ट्रिय संकट झनझन गहिरो हुँदै गएको र विश्वको स्थितिमा पनि ठूलो हेरफेर हुनगइरहेको वर्तमान स्थितिमा नेपाल राष्ट्रलाई जोगाउने गहन जिम्मेवारी बोक्न हामीले काँध थाप्नै पर्छ। हामीले ती आततायी भारतीय विस्तारवादलाई पराजित गर्नै पर्छ र नेपाललाई एउटा स्वाधिन, स्वतन्त्र र जनवादी गणतन्त्र कायम गर्नैपर्छ। यो काम गर्नको निम्ति देशमा क्रान्तिकारी कम्युनिष्ट पार्टी टुट्फुट भई भिन्दाभिन्दै पार्टी गठन गरी छरिएर रहेका सबैलाई पार्टीगत एकता कायम जरुरी छ। अन्य कुनै पार्टीसँग सम्बन्धित वा असम्बन्धित धैरै भन्दा धैरै मानिसहरूलाई हामीले एकतावद्ध गर्नैपर्छ। यसो भनेर फेरी कम्युनिष्टहरूले सिद्धान्तहीन संयुक्त मोर्चामा हात हाल्नु हुँदैन र त्यसले कम्युनिष्ट पार्टीलाई क्षय तुल्याउने, रोकथाम गर्ने, छेकथुन गर्ने र दबाउने जस्ता सबै काला कर्तुतहरूको तिनले बिरोध गर्नैपर्छ, र पार्टीभित्रको दक्षिणपन्थि अवसरवादको विरोध मात्र होइन यस्तालाई त निरमूलै पार्नुपर्छ।

आज अन्तरराष्ट्रिय परिस्थितिमा नेपाल 'क्रान्तिकारी संघर्ष (युद्ध) मा एक्लो छैनन् र यो पनि इतिहांसमा कतै नभएको तथ्य हो। विश्वव्यापि रूपमा ब्यापकता र गहणताको दृष्टिले असाधारण जन-आन्दोलनहरू उठिसकेको र उठिरहेका तथा तिनले, नेपाललाई समर्थन गरिरहेका तथ्यहरू इतिहांसमा आज देख्न सकिन्छ। अत्यन्तै उत्साह वर्द्धक यो भाइचारा क्रान्तिकारी जोस र जांगरलाई, यसरी नै यो क्रान्तिकारी धारलाई निरन्तरता कायम राखि अगाडि बढ्नु अत्यावश्यक छ र यसको निमित्त अत्यावश्यक तर फिरहाल विगठित स्थितिबाट गुज्रिरहेको त्यो अन्तरराष्ट्रिय माओवादी संगठनलाई नयाँ शिराबाट पुनः शुसंगठित पारी सशक्तिकरण भुमिकामा ल्याउने काममा सबै सम्बन्धित भाइचारा पार्टीहरूले आ-आफ्नो तर्फबाट जोड-बल गर्नु नितान्त जरुरी छ।

क्रान्तिकारी जन-संघर्षकै कुरा गर्दा विश्व इतिहासको कुनै पनि कालखण्डमा आफुलाई मै हुँ भन्ने बडे बडेमानका फासिष्ट तानाशाहिहरू स्वाभिमानि चेतनशिल जनताको क्रान्तिकारी जन-संघर्ष सामू आजसम्म अडिग भएर टेक्न सकेको इतिहास छैन भन्ने कुराको ज्वलन्त उदाहरणको निमित्त अनेत्र कहिं गएर खोज्ने कष्ट गर्नै पर्दैन। त्यसको उदाहरण हाम्रो नेपालमा ०६२-०६३ सालमा उठेको दोश्रो जनआन्दोलनको राप र टाप सामू सदियौं देखि जरागाडेर बसेको सामन्तवादी तानाशाही राजतन्त्रका अन्तिम राजा ज्ञानेन्द्र टेक्न नसकी दुमदवाई भागेको हाम्रो यो नाङ्गो आँखाले देखेका छौं। आजको यो प्रगतिशिल युगका प्रगतिशिल क्रान्तिकारी जनसमूदाय अगाडि त्यो प्रतिगामि भारतीय विस्तारवाद, प्रगतिशिल स्वाभिमानि चेतनशिल नेपाली जनसमूदायको प्रतिरोध संघर्षसामू अदिगभई बस्न सक्ने कुरै होइन।

हुनत त्यो दोश्रो जनआन्दोलनमा बर्षौंदेखि आलो-पालो गरी सत्तासिन भएर नेपाली जनसमूदायलाई शोषण, दमन र उत्पीडनमा पारेर साम्राज्यवाद, विस्तारवादीहरूको दलाली गरी मोज मस्तिमा रमाउँदै आएका एमाले, नेपाली काँग्रेस र अन्य दलहरू, पूर्व राजा ज्ञानेन्द्रले लातमारेर सत्ताबाट गलहत्याई पठाएपछि, जनयुद्ध हाँकेर आइरहेका माओवादीसँग कार्यगत एकताको नाउँमा मिसिन आएका थिए। तर, गद्दारलाई जतिसुकै दुधले चोख्याए पनि गद्दारको गद्दारै रहन्छ, गाई बन्दैन भनेजस्तै यिनीहरूका साथ जनयुद्धका प्रमुख नेतृत्व प्रचण्ड पनि देश र जनतालाई धोका दिएर गद्दारै बनी देश र जनतामाथि दोहन गर्दैछन्। यी र यस्ता जनता मारा देशद्रोहीहरूको यो ओढार, ती साम्राज्यवाद विस्तारवादीहरूको सेवा सुविधा र उनिहरूकै स्वार्थ अनुरूप निर्माण गरिराखेको यो दलाल नोकरशाही पूँजीवादी अर्ध-औपनिवेशिक, नवऔपनिवेशिक तथा अर्ध-सामन्ति समाजलाई ध्वष्ट पारी, नयाँ जनवादी (जनणतन्त्रिय) राज्य व्यवस्था कायम गर्न, जनयुद्ध सँगसँगै भारतीय विस्तारवादी बरबर आक्रमण विरुद्धको प्रतिरोध युद्धलाई आवश्यकता अनुरूप चाँजोपाँजो मिलाई एकसाथ उत्रनु आजको अनिवार्य सर्त हुन आएको छ र यो समस्त स्वाभिमानि चेतनशिल नेपाली मात्रको क्रान्तिकारी दायित्व पनि हो। २०७६/४/१६

*ताहाचल, काठमाडौँ*

## देजमो...

देखिएपछि उहाँलाई सोमबार सिभिल अस्पतालको आकस्मिक कक्षमा भर्ना गरेर उपचार सुरु गरिएको थियो। प्रारम्भिक चेक जाँच गर्दा केही समस्या नदेखिएपछि उहाँलाई दुई दिनसम्म भर्ना गरेर विस्तृत चेकजाँच गरिएको थियो।

आवश्यक चेकजाँच गर्दा सबै रिपोर्टहरू सामान्य आएपछि मंगलबार टाउकाको एमआरआई गरिएको थियो। एमआरआई रिपोर्ट पनि सामान्य आएपछि अस्पतालले आज डिस्चार्ज गरेको अध्यक्ष गजुरेलका कान्छो छोरा सन्जिव गजुरेलले जानकारी दिनुभयो।

## एमसीसीलाई..

एमसीसीलाई पत्राचार गरिएको रहेछ' माओवादीका एक उच्च नेताले भने, 'यो पारदर्शी व्यवहार भएन, पार्टीका तर्फबाट एमसीसीलाई लेखिएको त्यो पत्र चाँडोभन्दा चाँडो जनतासमक्ष सार्वजनिक गरियोस्।'

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री शेरबहादुरसँग नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसीलाई कसरी संयुक्त पत्र लेख्न मिल्छ भनी प्रश्न गरेका छन्।

पत्रकार ऋषि धमलासँग कुरा गर्दै नेता डा. कोइरालाले भने, 'एमसीसीलाई पत्र पठाएको भए प्रधानमन्त्री शेरबहादुर देउवाले स्कटल्यान्ड जानुअघि भनेर गएको भए पनि हुन्थ्यो, फर्केर आएपछि किन भन्नुभयो ? देशको प्रधानमन्त्री र एउटा पार्टीको अध्यक्षले एमसीसीलाई संयुक्त पत्र लेखेर दिन मिल्छ कि मिल्दैन ? प्रधानमन्त्रीले कुन हैसियतले पत्र लेखनुभएको हो ? सभापतिको हैसियतमा कि प्रधानमन्त्रीको ? एमसीसीमा अब खेलाँची गर्नुहुँदैन।'

नेपाली कांग्रेस एमसीसी पास गर्नुपर्छ भन्ने पक्षमा रहे पनि यसमा विपक्षी एमालेको पनि साथ लिनुपर्ने डा. कोइरालाले बताए। उनले भने, 'एससीसी संसद्को बिजनेस हो। पत्र लेखेर मात्र संसद्बाट पास हुने होइन। फेरि यो राजनीतिक दलहरूको मात्र नभएर नागरिकहरूले चासो दिएको विषय हो। यसमा एमालेलाई पनि साथ लिएर जानुपर्छ। यो विवाद बढाउने भन्दा दलहरूसँग सरसल्लाह गर्नुपर्ने विषय हो।'

प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डले दुई पार्टीका तर्फबाट अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) लाई सुटुक्क पठाएको पत्र अहिलेसम्म गोप्य राखिएको छ। पत्रमा के छ भन्ने विषयमा देउवा र प्रचण्डका विरोधाभाषपूर्ण भनाइ बाहिर आएका छन्।

***के भनेका थिए देउवाले ?***

बेलायत भ्रमणका बेला एमसीसीका डेपुटी सीईओसँग तपाईको भेट भएको हो ? भन्ने पत्रकारहरूको प्रश्नमा प्रधानमन्त्री देउवाले भने, 'हो, एमसीसी कहिलेसम्म पास हुन्छ भन्दाखेरि मैले भने, अहिले हाउस छैन। हामीसँग गठबन्धन पार्टनरहरू छन्, यसका सम्बन्धमा कुरा भइरहेको छ। हामीले यसलाई पास गराउने भनेर प्रचण्डजी र मैले साइन गरेरै पठाएका छौं त।'

प्रधानमन्त्री देउवाले एमसीसीका अधिकारीसँग भएको कुराकानीबारे जानकारी दिँदै भने, 'उनीहरूले पार्लियामेन्ट किन चलेको छैन भन्दै थिए, यो अर्कै कारणले, अध्यादेश ल्याउनुपर्ने कारणले रोकिएको हो, यसले केही असर पर्दैन भनेर मैले भनें, त्यही हो।'

***पत्र पठाएको स्वीकारे प्रचण्डले***

सत्ता गठबन्धनमा सहभागी दलहरूमध्ये नेपाली काँग्रेस एमसीसी यथास्थितिमै पारित गर्नुपर्ने पक्षमा छ। माओवादी केन्द्रले भने यथास्थितिमा एमसीसी पारित गर्न नहुने अडान राख्दै आएको छ। यस्तो अवस्थामा माओवादी अध्यक्ष प्रचण्डले पार्टीभित्र कुनै छलफल नै नगरी देउवासँग मिलेर गोप्य रूपमा एमसीसीलाई पत्र लेखेको भन्दै माओवादी पार्टीभित्र असन्तुष्टि चुलिएको छ।

एमसीसीलाई दुई नेताले हस्ताक्षर गरेर पत्र पठाइएको प्रधानमन्त्री देउवाले खुलासा गरेपछि यसबाट देशैभरि तरंग आएको माओवादी अध्यक्ष प्रचण्डले स्वीकार गरेका छन्। शुक्रबार इन्द्रेणीका कलाकार कृष्ण कँडेलको देउसी टोलीसँग कुरा गर्दै प्रचण्डले यसो भने- 'हिजो प्रधानमन्त्री शेरबहादुरजीले एउटा महाँ बोलिदिनुभएछ प्रचण्डजीले र मैले चिठी पठाइसकेका छौं भनेर। देशैभरि साथीहरूको तरंग पैदा भएको छ। त्यस्तो चिठी पठाएको हैन। पछि प्रधानमन्त्रीजीले त्यस्तो भनेको त होइन भनेर आफैंले सच्याउनुभएको छ। हामीले भनेको के हो भने देशमा सबै दलहरूसँग छलफल नगरी, राष्ट्रिय सहमति नबनाई हामीले यसलाई पारित गर्न सकिँदैन। त्यसको निम्ति हामीलाई समय पनि चाहिन्छ। हामी छलफल गर्छौं। समस्या कहाँ छ, त्यसको निदान कसरी गर्न सकिन्छ, उपाय निकाल्छौं भनेर लेखेको चिठी हो। हामी पास गर्छौं भनेर लेखेको चिठी होइन। यो कुरा प्रष्ट होस्।

अमेरिकाले, बेलायतले या दुनियाँको कुनै पनि विकसित देशले दिएको सहयोग नलिने भन्ने चाहिँ हुँदैन। अनुदान सहयोग दिने र लिने कुरा सामान्य कुरा हो। तर, यो एमसीसीमा यति धेरै बहस विवाद किन भयो भने पहिलो सुरूमा सहमति हुँदा यो एमसीसी सम्झौता संसदमा लानुपर्ने र संसदबाट अनुमोदन गर्नुपर्ने केही कुरा थिएन। अमेरिकाले सहयोग दिने र नेपालले लिने भन्ने मात्रै थियो। त्यतिबेला हामी पनि सरकारका थियौं। शेरबहादुर देउवाकै नेतृत्वमा सरकार थियो। त्यतिबेलाको अर्थमन्त्रीले सम्झौता गरेको हो। त्यो सम्झौतामा पार्लियामेन्टमा लगेर ऐन सरह हुने गरी अनुमोदन गर्ने कुरा थिएन। पछि त्यसमा त्यो थपियो। त्यसो हुँदा यसका पछाडि के हो त रहस्य भन्ने प्रश्न खडा भयो र यो विवाद बन्न आएको हो। यसको समाधान पनि ओरिजिनल सहमतिसँग डराउनुपर्ने कुरा छैन, बीचमा थपिएका कुराले गर्दा नेपालको राष्ट्रिय हितमाथि नै असर पर्ने भन्ने आम जनतालाई लागिसकेपछि यसलाई सम्बोधन नगरिकन यसलाई पारित गर्न सकिँदैन।'

शुक्रबार कान्तिपुर टेलिभिजनमा दीपा दाहालसँगको कुराकानीमा प्रचण्डले भने, 'हामीले पत्र लेखेको कुरा साँचो हो शेरबहादुरजीले भनेको। तर, उहाँले भनेको जस्तो सहमति भैसकेको र प्रतिवद्धता होइन।'

कुन हैसियतमा पत्र लेख्नुभएको भन्ने प्रश्नको जवाफमा प्रचण्डले भनेका छन्, 'हामी पार्टीका प्रमुखको हैसियतले। फतिमा (एमसीसी उपाध्यक्ष) आइसकेपछि, हामीसँग कुरा भइसकेपछि एमसीसीलाई रेस्पोन्स गर्नु उचित हुन्छ पार्टीहरूको तर्फबाट भनेर नेपाली काँग्रेस र माओवादी केन्द्रका तर्फबाट यो विषयमा राष्ट्रिय समझदारी बनाएर मात्रै अगाडि जान सकिन्छ, त्यसका लागि हामीलाई समय चाहिन्छ भनेर लेखिएको पत्र हो।'

पत्र पठाइएको सन्दर्भबारे चर्चा गर्दै प्रचण्डले टेलिभिजनसँग भनेका छन्, 'जब सरकारले केही प्रश्न गर्यो एमसीसीलाई, त्यो प्रश्नको जवाफ उनीहरूले पठाए। केही सकारात्मक छन्, केही अस्पष्ट छन् भन्ने लाग्यो। फतिमा (एमसीसी उपाध्यक्ष) आएर हामीसँग कुरा गरिसकेपछि हामीले पनि रेस्पोन्स गर्नु उचितै हुन्छ भन्ने ठानेर...। सरकारको तर्फबाट गरिएको होइन त्यो पत्र। पहिलेका प्रश्नचाहिँ सरकारले पठाएको थियो।'

कान्तिपुरकर्मी दीपाले प्रचण्डलाई सोधेकी छिन्, '....त्यसोभए प्रधानमन्त्रीले झुठ बोल्नुभयो त ?' जवाफमा प्रचण्ड भन्छन्, 'झुठ बोल्नुभयो त म भन्दिनँ। राजनीतिक दलहरूका बीचमा सहमति भयो, हाम्रो राष्ट्रिय सहमति पनि भयो, बुद्धिजीवी, नागरिक समाज सबैसँग पनि कुरा गरेर सहमति भयो, लेटर अफ एक्सचेञ्जबाट अलिकति परिमार्जन गर्ने कुरा पनि भयो भने त हामी त्यसका पूरै पैसा लिनै हुन्न भन्नेवाला हैनौं नि त। त्यसअर्थमा शायद उहाँले यो बुझ्नुभयो होला। यहाँ त कुरा राजनीतिक दलहरूको बीचमा पनि नागरिक आन्दोलनसँग पनि हामीले कुरा गरेका पनि छैनौं। सहमतिको वातावरण बनिसकेको त केही पनि छैन। लेटर अफ एक्सचेञ्जको कुरा पनि भएको छैन।'

कोप-२६ मा सहभागी भएर बिहीबार स्वदेश फर्केका प्रधानमन्त्री देउवाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै एमसीसी छिटै पारित हुने बताएका थिए। कोप-२६ का क्रममा भेट हुँदा अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि यस विषयमा जिज्ञासा राखेको उनले बताएका थिए। "अमेरिकी राष्ट्रपति बाइडेनले एमसीसी के हुन्छ भनेर सोध्नुभएको थियो" प्रधानमन्त्री देउवाले भने, "एमसीसी छिटै पारित गर्छौं भनेको छु।"

राष्ट्रपति बाइडेनले संसद् अधिवेशन अन्त्य गरेको विषयमा समेत जिज्ञासा राखेको देउवाले सुनाए। "एमसीसीका कारणले नभई हाम्रो आन्तरिक कारणले संसद् अधिवेशन अन्त्य गरिएको हो, महत्वपूर्ण अध्यादेश ल्याउनुपर्ने भएकाले संसद् अधिवेशन अन्त्य गरिएको जानकारी गराएँ" देउवाले भने।


देउवालाई एमसीसीकी नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सीईओ) एलेक्सिया लतोर्तुले पनि भेटेर एमसीसी पास गर्न दबाब दिएकी थिइन्।

वासिङ्टनस्थित एमसीसी मुख्यालयले गत बिहीबार विज्ञप्ति निकालेर नेपालको संसदमा विचाराधीन एमसीसी सम्झौता अनुमोदन गर्न संसद अधिवेशन अन्त्य गरेकोमा असन्तुष्टी जाहेर गरेको थियो।

***सडक संघर्षको तयारीमा २२ राजनीतिक संगठन***

जनतालाई झुक्याएर एमसीसी पास गर्ने षड्यन्त्र बढेपछि एमसीसी सम्झौता पास भए नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डतामाथि गम्भिर आँच आउने ठहरका साथ निरन्तर रूपमा सडक संघर्ष मार्फत् एमसीसी सम्झौता कुनै पनि हालतमा पास नगर्न दबाब दिँदै आएको २२ राजनीतिक संगठनको कार्यगत एकताले फेरि सडक संघर्ष चर्काउने तयारी थालेको छ। नेकपा (क्रान्तिकारी माओवादी) तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको पहलमा २२ राजनीतिक संगठनले लामो समयदेखि राष्ट्रिय स्वाधीनताको सडक संघर्ष सञ्चालन गर्दै आएका छन्। क्रान्तिकारी माओवादी नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसी पास गर्ने षड्यन्त्रको पर्दाफास गर्न सडक संघर्ष अपरिहार्य बनेको बताए। अध्यक्ष गजुरेलले एकल र संयुक्त सडक संघर्ष उठानका लागि छलफल अगाडि बढाइरहेको पनि जानकारी दिए।


रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. – ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

## आलोपालो

# भारतीय विस्तारवादी बर्बर आक्रमण विरुद्ध-प्रतिरोध युद्ध

*हाम्रो देश नेपाल सानु छ तर पराक्रम कम छैन, अर्थात देशको भौगोलिक आकार सानु छ तापनि हाम्रो पराक्रमिक इतिहांस कसैको भन्दा कम छैन र तिनै पराक्रमिक वीर-विराङ्गन नेपालीहरूका हामी वीर-सन्तति हौँ भनेर मात्र विश्वास दिलाउन सक्दैनौँ*



● पुष्पगोपाल श्रेष्ठ ●

नेपाल भौगोलिक आकारमा पक्कै पनि सानु देश हो परन्तु निमुखा र कायरहरूको देश होइन । आजसम्म नेपाल र नेपालीहरू कोही कसैको दासदासि बनी आफ्नो जीवनको भिष मागी बसेको इतिहास छैन । उता, आफ्नै देशमा रहेर पनि बृटिस साम्राज्यवादको दास दासिबनी उनिहरूलाई पिठ्युँमा बोक्दा बोक्दा निधारमा परेको नाम्लोको डाम टुटीनसकेका (मेती नसकेका) तर, उनिहरूको सिकन्जाबाट छुटकारा मात्र के पाएका थिए, आफुले भोगी आए जस्तै गरी नेपाल र नेपालीहरूलाई आफ्नो दास दासि बनाई, हाम्रो प्राणभन्दा प्यारो देश नेपालमा रजाइँ गर्ने दुःस्वप्न बोकी, नेपालमा कायम रहिआएको दलाल नोकरशाही पूँजीवादी अर्ध-औपनिवेशिक, नव-औपनिवेशिक तथा अर्ध-सामन्ति समाजभित्रको कमजोर स्थितिबाट फाइदा उठाउने जमर्को गर्दै, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपालको राष्ट्रिय स्वाधिनतामाथि १९५० को असमान-सन्धि लाड्नुको सँगै निशस्त्र तर विभिन्न कुटिलचाल अपनाई नेपालको अथाहा जलश्रोत हड्पनु सिमामिची भूमी कब्जा गर्नु, दसगजा भित्र उच्च पक्की सडक र बाँध निर्माण गरी मधेस तराईलाई डुबानमा पर्नु,नेपालको साँधसिमा खुम्च्याई अनाधिकार नेपालको नक्सा निर्माण गरी प्रस्तुत गर्नु र पारवहन सुविधाबाट बन्चित नेपाल माथि बारम्बार नाकाबन्दी जस्ता अनेकन पिडादाई बरबर आक्रमण गर्दै आइरहेका छन् । यसरी लगातार एक पछि अर्को आक्रमणको सिलसिला अहिले सम्मकै यो अन्तिम विषादि आक्रमण हो ।

विश्वको राजनीतिक रङ्गमञ्चमा कुन देश ठुलो र कुन देश सानु, कुन देश कमजोर र कुन देश बलियो भन्ने मूल कुरा होइन । मूल कुरा त त्यस देशको स्वतन्त्र सार्वभौम सम्पन्न राष्ट्रिय स्वाधिनता हो । तर, यहाँका दलाल प्रवृत्तिका पार्टीहरू र यथास्थितिका मानिसहरू हरहमेरा शत्रुको सवलता र हाम्रो दुर्वलता बाहेक केही नदेख्नेले राष्ट्रिय दासताको सिद्धान्तका सिद्धान्तकारहरू भन्ने गर्थे 'प्रतिरोध युद्धको अर्थ दासता हुनेछ' हामीले हाम्रो देशमाथिको भारतीय विस्तारवादको नाङ्गो हस्तक्षेप विरुद्ध प्रतिरोध युद्धको कुरा गर्दा, उनिहरू भन्ने गर्छन 'युद्धमा उत्रनुको परिणाम दासता हुनेछ' । भारत बलियो र ठुलो छ, यता नेपाल चाहिँ सानु र कमजोर छ भनेर हामी डिच्चिनु छैन । हाम्रो देश नेपाल सानु छ तर पराक्रम कम छैन, अर्थात देशको भौगोलिक आकार सानु छ तापनि हाम्रो पराक्रमिक इतिहांस कसैको भन्दा कम छैन र तिनै पराक्रमिक वीर-विराङ्गन नेपालीहरूका हामी वीर-सन्तति हौँ भनेर मात्र विश्वास दिलाउन सक्दैनौँ ।

सवलताले दुर्वलतालाई दवाउनु र आफ्नो दास दासि बनाउनु स्वाभाविक हो भनी उनिहरूले बेलायत सानु भएर पनि बलियो हुनाले भारत ठुलो र कमजोर हुनुको कारण भारतलाई आफ्नो दास बनाएको ऐतिहासिक उदाहरण पेश गर्न सक्छन् । तर ठिक यस्को उल्टो भेटनाम सानु देश भएर पनि मनोबल र शक्ति उँचा र बलियो (सवल) देश भेटनामले विश्व साम्राज्यवादका नाइके भइतोपलेका मैहुँ भन्ने अमेरिकालाई लखेतेर पठाएको ऐतिहासिक घटना पनि त हाम्रो सामु छ ।

त्यसकारण सबै आत्म-समर्पणवादीहरूको मुखमा बुजो लाउन र नुन देखि सबैठोक भनेजस्तै उनकै भर पर्नुपर्ने भनी बिच्कने यी सबका सबलाई विश्वास दिलाउन र अझै अन्यौलमा परिरहेका ढुलमुले अवस्थामा रहेका मानिसहरूलाई हौसला दिन र त्यसबाट प्रतिरोध तथा जनयुद्ध प्रति तिनको विश्वासलाई दरिलो पार्न हामीले प्रचार कार्यमा पर्याप्त सकारात्मक तर्कहरूका निम्ति अरु आधारहरू अघि सार्नुपर्छ ।

बाँकी ७ पेजमा


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, बाँकेको

## मदिराजन्य र सूर्तिजन्य वस्तुको बिक्री वितरणसम्बन्धी सूचना

अन्तःशुल्क ऐन २०५८ बमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसाय बाहेक मदिराको कारोबार गर्ने व्यवसायीहरुले मदिरा तथा सूर्तिजन्य वस्तुको मात्र कारोबार गर्न पाउने व्यहोरा सबैलाई जानकारी गराइन्छ । उक्त व्यवस्था एवं देहायको शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- अन्तः शुल्क इजाजतपत्र लिएर मात्र मदिरा तथा सूर्तिजन्य वस्तुको कारोबार गर्ने ।
- ऐनले तोकेको (प्रत्येक वर्षको श्रावण महिना) म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने ।
- इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नुपर्ने ।
- मदिरा तथा सूर्तिजन्य वस्तु खरिद/बिक्री गरेको बिजक राख्नुपर्ने ।
- अन्तःशुल्क स्टीकर टाँस भएका मदिरा तथा सूर्तिजन्य वस्तुको मात्र खरिद बिक्री गर्नुपर्ने ।

अन्तःशुल्क टिकट टाँस नभएको मदिरा तथा सूर्तिजन्य वस्तु खरिद बिक्रीको लागि राखेकोमा पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानुन बमोजिम दण्ड तथा जरिवाना गरिनेछ ।

## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड








प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।